जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १६० • २०८१ साल कार्त्तिक २० गते मंगलबार (5 November, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

### भारतीय मुद्राको भाउ बढ्यो

# सीमावर्ती क्षेत्रमा 'नगद' तस्करी

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतबाट सुन तस्करी बढेसंगै सीमावर्ती बजारमा भारतीय रुपैयाँको मूल्य अप्रत्यासित रुपमा बढेको छ ।

भारतीय बजार भिठ्ठामोड, सीतामढी, मधवापुरलगायतका बजारमा भारतीय १ सय रुपैयाँको सामान लिन नेपाली १ सय ६६ रुपैयाँ दिनु परिरहेको उपभोक्ताहरु बताउँछन् ।

कोरोना भाइरसको महामारीको बेला भारतीय रुपैयाँको मुल्य सयकडा १ सय ६५ रुपैयाँ नेपाली पुगेको थियो । अहिले भारतीय रुपैयाँको मूल्य वृद्धिको कारण भारतबाट भइरहेको सुन तस्करीलाई मानिन्छ ।

सीमावर्ती बजारमा कपडा पसलमा सामान दरमा नै किनमेल भए पनि किराना, कस्मेटिकलगायतका पसलहरुमा ६ रुपैयाँ बढी लिने गरिन्छ । भारतीय रुपैयाँ प्रति सयकडा ६ रुपैयाँ तेज भएसंगै खाद्य सामग्रीलगायतका मालसामानहरुको मूल्यमा स्वभाविक रुपमा भारी वृद्धि भएको छ ।

कपडाको मूल्य व्यवसायीहरुले नै निर्धारण गर्ने भएकाले उपभोक्ताले थाहा नपाउने गरी मूल्य थप गरेका हुन्छन् । तर किराना पसलको समानमा एमआरपी उल्लेख गरिएकाले बढाउन मिल्दैन । कपडामा बट्टा नकाटिए पनि बट्टा भने लिने गरेको व्यवसायीहरु स्वीकार छन् । कम्पनीबाट नै मूल्य उल्लेख भएको सामानमा सयकडा ६ रुपैयाँ बट्टा लिने गरेको छ ।




बट्टाको कारण उपभोक्ताहरु ठगिने गरिएका छन् । बट्टा दिन नचाहने उपभोक्तालाइ थाहै नपाउने गरी मूल्य वृद्धि गरी सामान बेच्ने गरिन्छ ।

स्रोतका अनुसार धनुषा र महोत्तरी जिल्ला सुन तस्करीको 'हब' बनेको छ । भारी परिमाणमा नियमित रुपमा सुन, चाँदी तस्करी भइरहेकोले यस भेगमा भारतीय रुपैयाँको अभाव भएको छ ।

राजमार्ग भएर नेपाल प्रवेश गर्ने भारतीय पर्यटकहरुसित तस्करहरुले सीमाक्षेत्रमा नै मुद्रा साट्ने गरेका छन् । नेपालमा भारतीय १ सय दरको नोट मात्र वैध छ । तर भारतीय पर्यटकहरुले ५ सय दरको भारतीय रुपैयाँ बोक्ने गरेकाले सीमामा अनेक भयत्रास देखाएर नेपाली रुपैयाँसित साट्ने गरिएको छ ।

भारतीय रुपैयाँको मूल्य बढेको कारण नेपाली सीमा क्षेत्रमा मुद्रा साट्ने अवैध धन्धा निकै फस्टाएको छ । नेपालीहरु भारतीय बजारमा कारोबार गर्न जाँदा सीमाक्षेत्रमा भारतीय रुपैयाँ सटही गर्छन् । भारतीय बजारमा सटही गर्ने भन्दा सीमावर्ती नेपाली भू-भागमा नै साटेर जाने गरेका छन् ।

भारतको सीमावर्ती बजारमा नेपाली मुद्रा बट्टा काटेर लिने गरेपनि १० किलोमिटर भित्रको बजारमा प्रायःनेपाली रुपैया लिन बन्द गरिएको छ ।तर मालसमान सस्तो भएकाले उपभोक्ताहरु बट्टा दिएर भारतीय रुपैया लिएर कारोबार गर्न जाने गरेका छन् ।

भारतीय सीमावर्ती बजारमा नेपाली मुद्रामा बट्टा दिएर कारोबार भएपनि नेपाली रुपैया पुन :तस्करी भएर नेपाल आउने गरेको छ ।रुपैया सक्कली रहेपनि नेपाली बजारमा ल्याउने क्रममा प्रहरीले वाहक समेतलाई पक्राउ गर्छन् ।रुपैयाको स्रोत बैध नभएकाले त्यस्ता रुपैया प्रहरीले बरामदगरि जफ्त गर्छन् ।

नेपालबाट भारतमा तस्करी भएर जाने क्रम रोकिएकोले भारतीय मुद्राको नेपालमा अभाव भएको बताइन्छ ।भारतबाट सुन, चाँदी तस्करी भएर नेपाल आइरहेपनि नेपालबाट सुपारी, केराउ, मरिच, गाँजा , रक्सीको तस्करी हाल रोकिए जस्तै भएको एकजना व्यवसायीले नाम सार्वजनिक नगर्ने शर्तमा बताए ।'नेपालबाटपनि तस्करी भएर मालसमान भारतीय बजारमा जाँदा मुद्राको सन्तुलन कायम रहने गरेको छ ' उनले भने, तर अहिले महँगो मुल्य पर्ने सुन, चाँदी नै भारतबाट आइरहेकोले मुद्राको सन्तुलन बिग्रेको छ ।

नेपाली मुद्राको अबैध अवमुल्यन र तस्करी बढेको कारण नेपाली बजारमा कारोबार निकै प्रभावित भएको व्यवसायीहरु बताउँछन् ।दसैं, तिहारको बेलापनि किराना पसलहरुमा अपेक्षाकृत कारोबार नभएको व्यवसायीहरुको दुखेसो छ ।

सीमावर्ती नेपाली बजारमा भारी समस्या देखिएको व्यवसायीहरुको कथन छ । सरकारले भन्सार दर कम गर्नुपर्ने अथवा तस्करीलाई पूर्ण नियन्त्रण गर्नुपर्ने उनीहरुको माग छ ।


## अत्यन्त जरुरी सूचना

नेपाल सरकारले ननग्रेडड तथा SEE फेल को लागि उच्च शिक्षामा अध्ययन गर्न बाटो खोल्यो, ८० प्रतिशत प्राक्टिकल शिक्षामा अधारित पाठ्यक्रम भएको CTEVT बाट स्वीकृत तपसिलको कोर्षहरुमा भर्ना खुल्यो ।

१. प्रि– डिप्लोमा इन कम्पुटर इन्जिनियरिंग
२. प्रि– डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग
३. सर्भे इन्जिनियरिंग (अमिन नापी) तालिममा भर्ना खुल्यो

यस कोर्षहरुमा १ वर्षको अध्ययन अध्यापन र ६ महिनाको OJT हुने छ ।

४. डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग – ३ बर्षे कार्यक्रममा केही सीट रिक्त रहेकोले इच्छुक विद्यार्थीहरु समयमै सम्पर्क गर्नुहोला ।

**सम्पर्क स्थान**
**नेपाल टेक्निकल इन्स्टिच्युट, जनकपुरधाम**
सम्पर्क नं. ०४१–५२७३३६, ९८०११२४३३६, ९८०१०४८६१७, ९८५४०२४६०३

## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

पुर्बान्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सबै भन्दा पुरानो, उच्चतम परीक्षाफल, नेपाल इन्जिनियरिंग परीषद बाट मान्यता प्राप्त मधेश प्रदेशको इन्जिनियरिंग कलेजको १६ औं ब्याचमा भर्नाको लागि समयमै सम्पर्क गर्नुहोला ।

BE CIVIL 4 Years | BBA 4 Years | MBA 2 Years

फाराम भर्ने अन्तिम मिति २०८१/७/२२ गते सम्म

**सम्पर्क स्थान**
**सेन्ट्रल इन्जिनियरिंग/म्यानेजमेन्ट कलेज, जनकपुरधाम**
सम्पर्क नं. ०४१–५२७३३६, ९८५४०२१८९७, ९८०१०४८६१७, ९८५४०२४६०३







# कपडा र चप्पलसहित ३ जना प्रहरी नियन्त्रणमा



**टुडे समाचारदाता**

राजविराज। भन्सार छलेर चोरी पैठारी गरी भित्र्याएका करिब ४ लाख मूल्य बराबरको लत्ताकपडा र चप्पलसहित तीन जनालाई छुट्टा छुट्टै स्थानबाट प्रहरीले पक्राउ गरेको छ।

सोमबार छिन्नमस्ता-राजविराज मार्गको बोरिया भन्ने स्थानमा प्रहरीले चेकजाँचको क्रममा स ९ प २५६८ नं. को मोटरसाइकलबाट प्लास्टिकको बोरामा राखिएको २ लाख ६२ हजार ३ सय ३० रुपैयाँ बराबरको कपडा बरामद गरेको छ।

प्रहरीले बरामद गरेको सामानमा साडी र विभिन्न साइजका तयारी कपडा रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता जितेन्द्र कुमार बस्नेतले जानकारी दिए। प्रहरीले अवैध ओसार पोसारमा प्रयोग गरिएको मोटरसाइकलसहित चालक सप्तरीको राजगढ गाउँपालिका- ३ का १९ बर्षिय प्रेम कुमार साह र मोटरसाइकलको पछाडी सवार सोही वडाका १८ वर्षीय सन्तोष कुमार यादवलाई पनि नियन्त्रणमा लिएको छ।

सैगरी सोमबार नै प्रहरीले विष्णुपुर गाउँपालिका वडा नं. ३ स्थित हनुमान चोक सडकखण्डमा भारतबाट अवैध रुपमा भारतीय मोटरसाइकलमा ल्याउँदै गरेको १ लाख ३१ हजार मूल्य बराबरको चप्पल नियन्त्रणमा लिएको छ। सो क्रममा मोटरसाइकल चालक सप्तरीको राजगढ गाउँपालिका- ६ का ३७ वर्षीय इस्माइल खान पनि पक्राउ परेका छन्।

पक्राउ परेका सबैलाई मोटरसाइकल र सामानसहित आवश्यक कारबाहीका लागि राजविराज भन्सार कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

भारतमा सस्तोमा पाइने र नेपाली बजारमा महँगोमा बिक्री भइ बढी मुनाफा हुने भएपछि सीमावर्ती नाकाहरुबाट कपडा, किराना इलोक्ट्रोनिक तथा चप्पल जुत्तालगायतका सरसामानको तस्करी भइ रहेको स्थानीयको भनाइ छ। केही दिनदेखि सीमानाकामा कडाई गरेपछि दिनहुँ जसो भन्सार छलेर भित्र्याइएका सरसामानहरु बरामद हुन थालेको छ।

# 'छठ मनाउन सरसापट खोज्नु पर्दैन'



महोत्तरी। मिथिलावासीले दीपावली पर्व आइतबार भैयादुज मनाइएसँगै सम्पन्न गरेका छन्। दीपावली सकिएलगत्तै अब मङ्गलबारदेखि नै पर्व छठ सुरु हुँदैछ। मिथिलामा दीपावली र छठसहितका पर्व श्रमजीवीका लागि पर्खाइका हुन्छन्। यी पर्वमा थप आर्जनको अवसरले गरिब किसान र श्रमिक मजदुर र यिनका परिवारमा अलिकति खुसी थपिने गरेको छ।

पर्वमा थोरै जग्गा भएका किसानका घर करेसामै उत्पादित फसलले राम्रो बजार पाउँछन्। करेसाबारीमा फुलेका फूल, दुई/चार झ्याङ् केरा, केही अदुवा, बेसार, बोट ज्यामिर र थोरथार हुर्केका मूलाबाटै पनि यी पर्वमा राम्रो कमाई हुन्छ। दीपावलीमा पनि यी उत्पादन राम्रै मूल्यमा बिक्छन्। छठका लागि त यी अनिवार्य सामग्री नै हुँदा झन् राम्रो मूल्य पाउने किसानले आश सँगालेका हुन्छन्।

दीपावली पर्वको गोधन तथा गोवर्द्धन पूजाका दिन घरपालुवा पशुवस्तु (गाई, गोरु, बाछाबाछी) लाई दाम्लो फेराउने चलनले यसबेला दाम्लो, गर्दामी (पशुको गलामा लगाउने कलात्मक डोरी) बनाउने सीपका गरिब श्रमिकले राम्रो आर्जन गरेका छन्। गरिब किसानका उत्पादनले महत्व पाउने र श्रमजीवीलाई पर्वविशेषसँग जोडिएका थप काम पाइने भएपछि यी पर्व आर्जनका लागि खास अवसर बन्ने गरेका हुन्।

"यसपालि गर्दामी, दाम्लो र राइस (पशुवस्तु डोऱ्याउन प्रयोग गरिने डोरी) बेचेर आठ/१० हजार हात पऱ्यो", पाटका सुत्री बाटेर यस्ता सामग्री बनाउने सीपका भङ्गाहा-४ रामनगरका ५५ वर्षीय छेदी महतो भन्नुहुन्छ, "यो कमाईले आफ्नो छठ मनाउन कहीँ सरसापट खोज्नु नपर्ला।" गोधन पर्वलक्षित यी सामग्री अन्यबेला भन्दा अलि कलात्मक बनाइने हुँदा मूल्य पनि राम्रो पाइने गरेको उहाँको भनाइ छ।

यस्तै, दीपावली पर्वकै लक्ष्मीपूजाका दिन घर करेसाबारीमा केही झ्याङ् केरा लगाएका गरिब किसानले थाम बेचेर केही आम्दानी गरेका छन्। यसैगरी, केराका घरीले पनि छठमा राम्रो मूल्य पाउँछन्। मिथिलामा लक्ष्मीपूजा र छठ पर्वमा स्वागतद्वार बनाइन केराका थाम प्रयोग गरिने चलन र दुवै पर्वमा केरा फल चढाइने हुँदा केराखेतीका किसानका लागि यी पर्व आर्जनको अवसर बन्दै आएको हो। अझ छठमा त केराका घरी नै चढाइने चलनले पर्वविशेषमा यसको बिक्री निकै बढ्ने गरेको छ। यसैगरी, किसानका घर करेसाबारीमा लगाइएका फूल, उखु, अदुवा, बेसार, भोगटे र ज्यामिरलगायतका उत्पादनले यी चाडपर्वमा राम्रो मूल्य पाउँछन्। छठमा यी कृषि उत्पादन चढाइने अनिवार्य पूजा सामग्री हुन्।

यसैगरी, दैनिक जीवनमा अरू बेला अब प्रयोग गर्न छाडिएका बाँसका डाला, छिटी, नाङ्ला, चाल्नु र अन्य चोयाबाट बन्ने सामग्री र माटाका भाँडा कलश राख्ने गाग्रो, दही जमाउने छ्याँची, प्रसाद सामग्री राख्ने तौला र दियो बाल्ने दियौरी (पाला) दीपावली र छठ पर्वका खास सामग्री बेचेर डोम, बिन र कुम्हाल समुदायका श्रमजीवीले आर्जन गर्छन्।

यी सामग्री दीपावली र छठ दुवैमा प्रयोग गरिन्छन्। केही दशकअघिसम्म दैनिक प्रयोजनमा प्रयोग गरिने यी सामानको ठाउँ अब प्लास्टिक र सिल्भरका भाँडाकुँडाले लिएपछि पछिल्ला दिनहरुमा यी सामान पर्वविशेषका सामग्री मात्र बनेका छन्। यसैले बाँसको चोया र कप्टेराका सामग्री बुन्ने डोम र विन एवम् माटाका भाँडा बनाउने कुम्हाल जाति समुदायको यी पर्वमा निकै व्यस्तता बढ्ने गरेको छ। दुवै पर्वको आर्जनले आफ्नो चाडबाड मनाएर वर्षभरिको नगद जोहो गर्नुपर्ने हुँदा अहिले आफ्नो सीपको खास अवसर भएको यी जाति समुदायका गरिब बताउँछन्। यो बेला घर रङरोगन गर्ने सीपका कामदारको पनि माग ह्वात्तै बढ्ने गरेको छ।

"यसपालि दियाबाती (दीपावली) मा दियौरी, घैँटा, ढकना र तौलासहितका सामान बेचेर आफ्नो घरको दीपावली र छठ खर्चको जोहो भएको छ, अब छठका लागि बिक्री हुने रकम अन्य बेलाको नगद खर्चका लागि साँचिन्छ", महोत्तरीको औरही-४ का महेश पण्डित कुम्हालले भन्नुभयो। यसैगरी, बिन र डोम (मरिक) समुदायले पनि नगद खर्चको जोहो यी पर्वबाट हुने गरेका बताएका छन्।

अहिले दीपावलीका लागि सामग्री बेचेका श्रमिक अब छठका सामग्री बेच्ने तयारीमा छन्। यस भेगमा अहिले पर्वमा माग हुने कृषि उपज र बनाइने अन्य सामग्रीबारे सोधखोज र चासो बढेको छ। पर्वका सामग्री किन्ने उपभोक्ताले यस्ता सामग्री खोज्ने, किन्ने र दामकाम पक्कापक्की गर्न थालेका देखिँदो छ। यसपालि दसैँअघिको बेमौसमी वर्षाले धानबाली र अन्य तरकारीबाली निकै क्षति गरेपछि पिरोलिएका किसान अहिले पर्वविशेषमा महत्व पाउने आफ्ना कृषि उपज (अदुवा, उखु, ज्यामिर, केराआदि) बेचेर छठ पर्व टार्ने धुनमा देखिन्छन्।

"आफ्नो त खासै जग्गा छैन हजुर, घर छेउको करेसाबारीमा थोरै अदुवा सपारेकी छु, एउटा बोट ज्यामिर लटरम्म फलेको छ" बर्दिबास-९ पशुपतिनगरकी शैल महतो भन्नुहुन्छ, "छठमा यिनै उपज बेचेर आफ्नो पर्व खर्च जुट्ने विश्वासमा छु।" करेसाबारीको दुई/तीन धुर जग्गामा उखु पनि रहेको र पर्वमा उखुका लाँक्रा बिक्ने गरेको हुँदा छठ सहजै टर्ने उहाँको विश्वास छ।

हिन्दू वैदिक परम्पराका दिवाली र छठ पर्व कृषिसँग अभिन्न रुपले जोडिएका यस भेगका पाका व्यक्तित्वले बताउँछन्। मुख्य खेती (अन्नबाली) लगाउने समय सकिएको र नयाँ बाली (धान) भित्र्याउने समयअघि पर्ने यी पर्व धनी गरिब सबैका लागि खुसीको अवसर हुने गरेका बर्दिबास-७ का ७० वर्षीय विन्देश्वर यादव बताउनुहुन्छ।रासस

# छठसँगै खुसी आउँछ डोम समुदायमा



जनकपुरधाम। मधेसी दलितमा सबैभन्दा पिछडिएकामध्ये पर्छन् डोम समुदाय। गरिबी र विपन्नताका कारण ज्याला मजदुरी गरेर जीविको चलाउने यस समुदायका विपन्न परिवारका लागि सधैँ आम्दानीको अवसर जुट्दैन। प्रायः हातमुख जोर्नकै समस्या भोग्न बाध्य हुन्छन्। हुन त पछिल्लो समय विश्वव्यापीकरणको प्रभाव, खुला समाज र काम गर्नेहरूका लागि अवसरका ढोकासमेत खुल्दै गएका छन्, त्यसबाट यस समुदायका व्यक्ति पनि प्रभावित छन् नै तर त्यो अवसर सबैसम्म पुग्न सकेको छैन। क्षीरेश्वरनाथ नगरपालिका-६ सखुवाबजार नयाँटोलका झल्कु मल्लिक भन्नुहुन्छ,"समय बदलियो, हाम्रा मौलिक कामको मूल्य छैन। गर्नेले त अरु काम गरिरहेकै छन् तर अधिकांशले हातमुख जोर्ने समस्याबाटै गज्रिनु परिरहेको छ।"

उहाँ चाडपर्वका बेला भने आफूहरूको सीपले महत्व पाउने गरेको सुनाउनुहुन्छ। छठ पर्व नजिकिँदै जाँदा बाँस र बेतका चोयाबाट डालो, नाङ्लो र टपरी बनाउन डोम समुदायलाई अचेल भ्याइ नभ्याइ रहेको मल्लिकको भनाइ छ। "सधैँ के खाने, के लाउने भन्ने चिन्ता हुन्छ तर चाडबाड, त्यसमा पनि छठ हाम्रा लागि खुसी बोकेर आउँछ। चुल्हो बल्छ, बालबालिकाका सामान्य आवश्यकता पूरा गरिदिँदा मुहारमा हाँसो आउँछ, हाम्रो मनमा उल्लास", उहाँले हँसिलो मुद्रामा भन्नुभयो।

दीपावलीलगत्तै सुरु हुने छठ पर्वलाई लक्षित गरी धनुषाका डोम समुदाय बाँसजन्य पूजाका सामग्री बनाउन व्यस्त हुन्छन्। यसबेला पुर्खौली पेसाले काम पाउँछ, सामानले बजार। अनि खुसीको त के कुरा !तराईवासी हिन्दू धर्मावलम्बीहरूको महान् पर्व छठ नजिकिँदै जाँदा धनुषा, महोत्तरीका डोम समुदाय बाँस र बेतका चोयाबाट भाँडाकुँडा बनाउन व्यस्त छन्। यतिबेला उनीहरूले यही सामग्री बेचेर राम्रो आम्दानी गरिरहेका छन्। धनुषा, महोत्तरीमा करिब पन्ध्र लाख जनसङ्ख्या रहेकामा तीमध्ये करिब ७५ प्रतिशतले छठ पर्व मनाउने गरेकाले डोम समुदायले प्रत्येक छठमा बाँस र बेतका भाँडाकुँडा बेचेर राम्रो आम्दानी गर्ने जानकारहरू बताउँछन्। छठ मनाउने प्रत्येक परिवारले बाँस र बेतका नयाँ भाँडाकुँडाले पर्व मनाउनुपर्ने भएकाले आफूहरूले छठ पर्वका बेला यस्ता भाँडाकुँडा बनाएर राम्रो आम्दानी गर्ने गरेको जनकपुरधामउपमहानगरपालिका–१ स्थित धर्मवान टोलका श्याम मल्लिक डोमले सुनाउनुभयो। सोही टोलकी रीता मल्लिकले गाँस, बास र कपासकै जोरजाममा अल्झिनुपर्ने बाध्यताका बीच आउँने छठ पर्वले कात्तिक महिनाभर दुःख बिर्सेर मीठोमसिनो खाने र राम्रो लगाउने अवसरसमेत ल्याउने गरेको बताउनुभयो। "अरु बेला त फेरि उही समस्या हुन्छ तर एकाध महिना भए पनि कामका लागि भौतारिनुपर्दैन। काम भएपछि दाम र माम त हुने नै भयो", उहाँले खुसी हुँदै भन्नुभयो।

महोत्तरीको औरही नगरपालिका-१ का ईन्दल मल्लिक डोमले कात्तिक लाग्नेबित्तिक्कै घरका बच्चादेखि बुढापाकासम्मले काम पाउने गरेको र बिहानदेखि बेलुकासम्म व्यस्त हुने गरेको सुनाउनुभयो। त्यही बेचेर राम्रो आम्दानी हुने भएकाले आफूहरू निकै खुसी भएको उहाँको भनाइ छ।

छठ पर्व मनाउने प्रत्येक तराईवासीले छठमाता तथा सूर्यदेवलाई बाँस र बेतबाटै बनाइएका डालो, नाङ्लो र टालु टपरीमा अर्घ दिनुपर्ने भएकाले प्रत्येक परिवारमा पाँच/सात वटा बाँसका भाँडाकुँडा किन्नुपर्छ। महोत्तरीको भङ्गहा नगरपालिकाका सुखारी डोम घरका बालकदेखि बुढापाकाले डालो, नाङ्लो बेचेर प्रतिव्यक्ति रु १० देखि २० हजार र प्रत्येक परिवारले सरदर रु दुई लाखसम्म आम्दानी गर्ने गरेको बताउनुहुन्छ।

मिथिला नगरपालिका-७ का ५५ वर्षीय राजबिर डोमले चाडपर्व आफूहरूका लागि पीर बिसाउने अवसरसमेत भएको बताउनुभयो। सोही ठाउँकी ६० वर्षीया रुमीनी डोमिनले गाउँ, सहरमा हुने भोजभतेरम ाबचेखुचेको ल्याएर सपरिवार खाने गरेका डोम समुदायका विपन्न नागरिकले छठमा आफैँ मीठामसिनो परिकार पकाएर खाने गरेको सुनाउनुभयो।

छठपर्वको आगमनसँगै डोमका घरआँगनमा पनि छठमाता र सूर्यदेवको प्रत्यक्ष उपस्थिति रहने गरेको अनुभूति हुने स्थानीय ६० वर्षीय बुधवा डोमको भनाइ छ। मिठोमसिनो खाने मात्रै होइन महोत्तरीको जलेश्वर नगरपालिकाका रामजी डोमले डालो, नाङ्लो र टालु टपरी बेचेर कात्तिकभरिमा वर्षभरि कै सबै कर्जा चुक्ता गर्ने र केही महिनासम्मको खर्च जोहो योजना रहेको सुनाउनुभयो।

हरेक वर्ष छठपर्व मनाउने वृद्धि हुँदै जाँदा प्रत्येक व्यक्तिलाई बाँसको भाँडाकुँडा पुऱ्याउन डोम समुदायका व्यक्ति निकै व्यस्त देखिन्छन्। पछिल्लो समय तराईमा मात्रै नभइ देशको राजधानी काठमाडौँसहित पोखरा, हेटौँडालगायत पहाडी क्षेत्रमा पनि छठपर्व मनाउन थालिएकाले तराईबाट बाँस र बेतबाट तयार भएका भाँडाकुँडा निर्यात हुने अवस्था पनि सिर्जना भएको छ। यसलाई व्यवस्थित गर्न स्थानीय सरकारले आश्यक सहयोग गर्नुपर्ने यसमा सङ्लग्न डोम समुदायका अगुवाहरूको भनाइ छ। रासस

# कानुनविपरीत चन्दा उठाउनेमाथि कारवाही गर्न पचरौता नगर प्रमुख जैसवारको आग्रह



**टुडे समाचारदाता**

रौतहट। बाराको पचरौता नगरपालिकामा परम्परादेखि लाग्दै आएको महाबिरी झन्डा मेलाको विवाद चर्कँदै गएको छ। पचरौता नगरपालिका ७ बेनौली गाउँमा परम्परादेखि लाग्दै आएको महाबिरी झन्डाको लागि तिन ओटा मेला समिति गठन भएपछि मेलापूर्व नै विवाद चर्केको हो।

पचरौता नगर प्रमुख जलन्धर सिंह जैसवारले मेला लगाउने नाममा विभिन्न समूहहरुले बलजफ्ती चन्दा उठाउने काम गरिरहेकाले तत्काल रोक्न र चन्दा उठाउनेमाथि कारबाहीको लागि माग गरेका छन्।हरेक वर्ष छठ पर्वको समापनसँगै सुरु हुने मेलामा गत वर्ष निकै विवाद भएको थियो। प्रहरीले दर्जनौं राउन्ड गोली चलाउनु परेको थियो। विगतदेखि मेला लाग्दै आएको भए पनि केही वर्षदेखि मेलामा विवाद हुँदै आएको छ। मेलामा हुने विवादलाई रोक्न वडा कार्यालयको पहलमा नगरपालिकाले मेला समिति निर्माण गरेपछि झन् विवाद चर्किएको हो।

मेलाको लागि नगरपालिकाको नगरसभा तथा बोर्ड बैठकले पाँच लाख रुपैया छुट्याएर मेला लगाउनको लागि समितिलाई कार्यादेश दिइसकेको छ। केही मानिसले आफ्नो स्वार्थ पूरा नहुने देखेपछि अदालतबाट मेला लगाउन नै रोक लगाउनु पर्ने माग गर्दै मुद्दा दायर गरेका थिए। अदालतले तत्कालको लागि मेला लगाउन रोक लगाउन मिल्ने कारण नदेखिएको आदेश दिइसकेको छ।

परम्परादेखि लाग्दै आएको मेलाको स्थानको विषयमा पनि विवाद उठेको छ। नगरपालिकाले महाबिरी झन्डा तथा ब्रह्मबाबा पुजन कार्य मेला स्थानीय विद्यालयमा हुँदै आएकोमा नगरपालिकाले नजिकै रहेको पोखरीको ठुलो डिललाई स्थान तोकेको छ। पोखरीको डिलमा मेला सारिएपछि कतिपयले पहिले लाग्दै आएको विद्यालयमा नै मेला लाग्नुपर्ने भन्दै मेला समिति गठन गरेका छन्। विद्यालयको चौरमा मेला लगाउन उचित नहुने भन्दै अर्को समूहले विद्यालय बाहिर मेला लगाउने भन्दै तेस्रो मेला समिति पनि गठन गरेका छन्। विद्यालयभित्र र विद्यालय बाहिर मेला लगाउने भन्दै आफूखुसी मेला समिति गठन गरेका समूहहरुले स्थानीयसित चन्दा असुल गरिरहेको नगर प्रमुख जैसवारको भनाइ छ।

मेला लगाउन, नाच, जात्रा गराउन तथा मदिराको बिक्रीका साथै जुवाबाट रकम असुल गर्न केही मानिसले महाबिरी मेलालाई बदनाम गराउन चाहेको नगर प्रमुख जैसवारको भनाइ छ। नगर प्रमुख जैसवारले सोमवार पत्रकार सम्मेलन गरी मेलालाई सभ्यता र भव्यतापूर्वक लगाउन स्थानीयलाई सहयोगको लागि आग्रह गरेका छन्। मेलामा कुनै किसिमको विकृति हुन नदिनको लागि र नगरपालिकाले तोकेको ठाउँसँगै अन्यत्र सोही मितिमा मेला लगाउन दिँदा झैँझगडा हुने भएकोले अन्यत्र मेला लाग्न नदिन नगर प्रमुखले माग गरेका छन्।

नगर प्रमुख जैसवारले शान्ति सुरक्षाको लागि जिल्ला प्रशासन कार्यालय बारा र जिल्ला प्रहरी कार्यालय बारासित तिन सय प्रहरीको माग गरिएको बताउँदै नगर प्रहरी तथा स्वयंसेवकहरु पनि मेलाको व्यवस्थापन तथा शान्ति सुरक्षाको लागि परिचालन गरिने बताएका छन्। नगरपालिकाले तोकेको ठाउँभन्दा अन्यत्र मेला लाग्न नहुने र सम्बन्धित निकायले पनि ध्यान दिनुपर्ने जैसवारको तर्क रहेको छ।

यता सोही नगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष एवम् नगर प्रवक्ता लक्ष्मी यादवले पनि ई सबै कुराहरूलाई गराउँदै प्रेस रिलिज पढेर सुनाएका थिए। उनले पनि वडाको विना अनुमती कुनै किसिमको मेला,नाटक, झाँकी,नाच गर्न नहुनेमा जोड दिए। सो अवसरमा मेला आयोजन भईरहेको वडा नम्बर ७ का वडा अध्यक्ष बनारसी बिन,शिक्षा सहायक प्रमुख मुकेश कुमार सिंह,भैयाराम यादवको पनि उपस्थिति रहेको थियो।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने। |
| बृष | : भ्रमण अवसर हुने। |
| मिथून | : अवसर प्राप्त। |
| कर्कट | : वाद विवादबाट बच्नु। |
| सिंह | : नयाँ कार्य हुने। |
| कन्या | : पुरस्कार प्राप्त लाभ। |
| तुला | : बौद्धिक क्षमता। |
| वृश्चिक | : प्रतिभा सम्पन्नता। |
| धनु | : शिक्षामा उन्नति। |
| मकर | : पारिवाहिक सुख। |
| कुम्भ | : धन वृद्धि सञ्चय। |
| मीन | : प्रेम प्रसंग, मित्र सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरीको गौशाला नगरपालिकाको गौशाला बजारमा छठ पर्वका लागि केराको घरी किनमेल गरिँदै । तस्विर : रासस

# छठका लागि कुटानी पिसानी सुरु

जलेश्वर ।महोत्तरीसहित मिथिलाञ्चल तथा तराई मधेसमा आजदेखि छठ पर्वका लागि कुटानी पिसानी सुरु भएको छ। छठ पर्वमा गहुँ र चामलका विभिन्न पकवान बनाएर चढाउने चलन रहेकाले सोही पकवान पकाउन आजदेखि कुटानी पिसानी सुरु गरेका हुन्।

तराई मधेसमा गोधन (गोवर्द्धन पूजा) पर्व सम्पन्न भइसकेपछि छठ पूजाका लागि कुटानी पिसानी सुरु गर्ने परम्परा छ। आइतबार तराई मधेसमा गोधन पर्व सम्पन्न गर्दै आजदेखि छठ पर्वको कुटानी पिसानी सुरु गरिएको जलेश्वर नगरपालिका–८ की बर्तालु राजवती देवीले बताउनुभयो।

छठ पर्वका लागि घरघरमा सोमबार बिहान अरबा चामल र चुनिएको गहुँ धोइपखाली सुकाएर सोमबारैदेखि चामल तथा गहुँ कुटानी पिसानी गरी पिठो तयार गरिने जलेश्वर–८ की बर्तालु सुमित्रा देवीले बताउनुभयो।



चोखो र शुद्धताको पर्व मानिएको छठ व्रतका लागि कुटानी पिसानी गरिने चामल र गहुँ घर, आँगन वा टोल छिमेकमा रहेको ढिकी तथा जाँतोमा पिस्ने परम्परा छ। तर अहिले ढिकी र जाँतो अभाव हुन थालेपछि कतैकतै मिलमा पनि कुटानी पिसानी गरिन थालेको जलेश्वर–६ की विनिता देवीले बताउनुभयो।

बिहानै आ–आफ्ना घर आँगन वा टोल छिमेकमा भएका ढिकी तथा जाँतोलाई शुद्ध र सफा पानीले धोएर पवित्र बनाएपछि गहुँ र चामल कुट्ने तथा पछि पुनः गहुँ र चामललाई धोएर सुकाएर पिध्ने गरिन्छ। यसरी कुटानी पिसानीबाट तयार भएको पिठोले नै छठ पर्वमा भगवान् सूर्य र माता छठदेवीको अर्घ्यका लागि ठेकुवा, भुस्वा, खजुरिया, पेरुकियालगायत पकवान तयार गरिने जलेश्वर–२ की कोसिला देवीले बताउनुभयो।रासस

# छठ घाटलाई दुलहीझैँ सजाइँदै



जलेश्वर । छठ पर्व मनाउन तीन दिनमात्रै बाँकी रहँदा महोत्तरीसहित सम्पूर्ण मिथिलाञ्चलका गाउँगाउँमा छठपूजाका छठ घाट दुलहीझैँ सजाउने काम भइरहेको छ।

यहाँ प्रमुख चाडका रूपमा मनाइने छठका लागि विभिन्न पोखरी, नदी र तलाउमा बनाइएका मन्दिर र घाटलाई विभिन्न वस्तुले दुलहीझैँ सजाउने काम तीव्र रूपमा भइरहेको हो।मिथिलाञ्चलभर एउटै पोखरी तथा नदी तलाउमा धेरै व्यक्तिले छठ पर्व मनाउने चलन रहेकाले १५।२० दिन पहिलेदेखि नै छठ घाटमा विभिन्न तयारी गरिन्छ।

जलेश्वर नगरपालिका–५ निवासी संस्कृतिविद् ध्रुव रायले मिथिलाञ्चलमा धुमधामका साथ छठ मनाउनका लागि तयारी करिब अन्तिम चरणमा रहेको बताउनुभयो।सूर्य भगवान तथा छठ माताको पूजा पानीमै हुने भएकाले मिथिलाञ्चलका जलाशय सरसफाई, घाट निर्माण, सडक, बाटो बनाउने काम सकेर अब घाटमा पंडाल निर्माण, बिजुलीबत्ती जडान, तोरन झुण्ड्याउनेलगायत काम जोडतोडका साथभइरहेका जलेश्वर नगरपालिका–८ का वडा अध्यक्ष विजयकुमार सिंहले जानकारी दिनुभयो।

जलेश्वर नगरपालिका प्रमुख सुरेश साह सोनारले स्थानीयस्तरमा रहेका सबैजसो जलाशयमा एक महिना पहिलेदेखि नै सरसफाई, मर्मतसम्भार, मन्दिर निर्माण गरी छठको तयारी सुरु हुने बताउनुभयो । उहाँले यसका लागि जलेश्वर नगरपालिकाभित्र रहेका प्रमुख जलाशय वरुण सरोवर, परिक्रमा पोखरी, पाठक पोखरी, चौधरी पोखरी, अस्पताल पोखरी, मिश्रपोखरी, भारी पोखरी, सारी पोखरी, सुगापोखरी, पिगौना पोखरी, बखरीघाटलगायत घाट सिङ्गार्ने काम भइरहेको बताउनुभयो।

यसैबीच परापूर्व कालदेखि नै सूर्यपूजा तथा छठी माताको पूजाको लागि महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका–८ स्थित पाठक पोखरीमा बीच पानीमा बाँस र काठको प्रयोग गरेर मन्दिर निर्माण, मन्दिरमा पुग्नका लागि पानीमै बाँसको तैरिने बाटो निर्माण गरिएको छ भने करीब आधा किलोमिटरसम्म गुफाबाला पंडाल र विभिन्न साजज्जा र बिजुलीबत्ती जडान गरिने कार्य भइरहेको स्थानीय प्रदीप पाठकले बताउनुभयो।

जिल्लाका मटिहानी, गौशाला, औरही, बलवा, लोहार पट्टीलगायतका सबै स्थानीय तहका जलाशयमा साजज्जाका काम भइरहेका जिल्ला समन्वय समिति महोत्तरीका संयोजक सुमनकुमार लाल कर्णले बताउनुभयो।रासस

# छठका लागि पोखरी, ताल र नदी किनार सजाइँदै



राजविराज । यहाँको राजविराजसहित जिल्लाका विभिन्न ताल तलाउ, खोला, नदी किनार र नहर छठ पर्वका लागि आजदेखि सजाउन थालिएको छ।

विजयादशमी र दीपावली सकिएलगत्तै छठपर्व सुरु भएपछि जलाशय, पोखरी किनारमा पूजाघाट बनाउन बिहानदेखि स्थानीय सरसफाइमा जुटेका छन्। सदरमुकाम राजविराजमा रहेको कल्टु पोखरी, तुरुन्ती र भगवती पोखरीसहितका पोखरीमा वर्षौंदेखि थुप्रिएका फोहोर सफाइ गरी छठ मनाउन घाट निर्माण गरिरहेको राजविराज नगरपालिका–३ निवासी लालु रजकले बताउनुभयो। यहाँ सफाइ गरिएका पोखरीमा कागज, केराको थाम र असोकको पत्ता तथा विद्युतीय बत्तीबाट सजाउने काम भइरहेको उहाँले जानकारी दिनुभयो।

ग्रामीण क्षेत्रका जलाशयहरुमासमेत पूजाघाट बनाइ सजाउने काम भइरहेको छ। हनुमानगर बजारमा युवाहरु आज बिहानदेखि पोखरी सफाइमा लागेको स्थानीय राजेन्द्र मिश्रले बताउनुभयो । भारदहस्थित कोशी ब्यारेजमा सफाइ तथा घाट सजाउने काम भइरहेको छ। यहाँ भारतको सुपौल जिल्लाको वीरपुर, भीमनगरलगायत विभिन्न सहरका सर्वसाधारण छठपर्व मनाउन प्रत्येक वर्ष आउने गरेका छन्। छठ सुरु भएपछि बजार तथा ग्रामीण क्षेत्रमा रेडियो र साउन्ड सिस्टमबाट छठी मैयाको महिमाका भोजपुरी र मैथिली गीत गुञ्जिन थालेका छन्।

छठमा प्रयोग गरिने वस्तुको मूल्य आकासिएपछि उपभोक्ता मारमा परेका छन्। छठपर्वमा प्रसादका रूपमा प्रयोग हुने केरा, नरिवल, उखु, मुला, कागती, स्याउ, सुन्तला, सख्खरका साथै बाँसको बत्तीबाट बनेको नाङ्लो, कोनियाँ र माटाको भाँडाकुँडाको सामानको मूल्य दोब्बर भन्दा बढीले आकाशिएको छ।

मूल्यवृद्धिमा कुनै निकायले चासो नदेखाएको स्थानीयको गुनासो छ। निर्धनता र निःसन्तानबाट मुक्ति पाउन एवं मानव जातिको उत्थान गर्न र आरोग्यताका लागि यो पर्व मनाइने गरिन्छ । सूर्यको आराधनाबाट चर्मरोग निको हुने, सन्तान र धनलाभ हुने जनविश्वास छ। आरोग्य र दीर्घायुसँग जोडिएको छठपर्व मनाउनुको पछाडि धार्मिक मान्यतासँगै वैज्ञानिक र ज्योतिषसम्बन्धी तथ्य रहेको पाइन्छ।रासस

# बगर खेतीले फेरिँदै जीवन

महोत्तरी । भनिन्छ, 'सय वर्षमा खोला पनि फर्कन्छ', तर महोत्तरीको भङ्गाहा–६ हतिसर्वाका पर्सा र सग्रामपुर बस्तीका बासिन्दालाई आफ्नो जग्गा बगर बगाउने रातु भङ्गालो फर्किएको कुर्न सय वर्ष पर्खनुपरेन । विसं २०३० को बाढीले बगर बनाएको जग्गा यहाँका बासिन्दाले चार दशकमै बगरलाई हराभरा बनाएका छन् ।बगरमा अहिले आँप, लिची, सपाटो र कागतीसहितका फलका रुख हुर्केका छन्। यहाँ मौसमअनुसार फल र तरकारीका लहरा फल्न थालेका पनि चार/पाँच वर्ष नाघेको छ । कुनै टिप्ने भइसकेका, कुनै फुल्दै र चिचिलाले भरपुर। परवल, लौका, फर्सी, करेला, घिरौँला र झिमनीका बग्रेल्ती लहरा । नदि उकास गेग्रान ठाउँ अहिले किसानको मेहनतले हराभरा भएको देख्दा धेरैलाई आश्चर्य लाग्न सक्छ। 'बगर बगैँचा र बगैँचामा खेती'ले किसानको जीवन फेरिएको छ।

पचास वर्षअघिको बाढीले बस्ती नजिकको उब्जाउ जग्गा रातुले बगर बनाइदिदा सुकुम्बासी बनेका पर्साका आदिबासी थारु समुदायले अहिले पनि ती आपद्का दिन भुलेका छैनन्। "छँदाखाँदाको हाम्रो जग्गा बगर बनेपछि हामी किसानबाट बनिहारा (खेतीपातीका काम गर्ने मजदुर) बन्यौँ, रातारात सुकुम्बासी बनियो" विगतका दुःखका दिन सम्झदै पर्सा बस्तीका रामनारायण सिंह थारु भन्नुहुन्छ, "पछि २०६४ सालयता सरकारले पूर्व–पश्चिम राजमार्गमुनि रातुका दुई तिरका भङ्गाला तटबन्ध गरेपछि हाम्रो बगर बनेको जग्गा उकास बन्यो ।" भङ्गाला बाँधिएर जग्गा उक्से पनि गेग्रान थुप्रिएको जग्गा सुधार्न आफूहरुलाई सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल, बर्दिबासले उत्प्रेरित गरेको पर्सा र सग्रामपुरका बासिन्दा सम्झन्छन् ।अहिले पर्सा बस्तीकी वृन्दादेवी हुजदार थारुको दैनिकी त्यही बगर पुगेपछि सुरु हुन्छ। झरेका पातपतिङ्ग रुख बिरुवाका फेदमा ओछ्याउने, हरिया झार उखेल्ने, आँप र अन्य फलफूलका बोट सुमसुम्याउने, रुखिएका बोटमा पानी हाल्ने, तरकारी टिप्ने, तरकारी लिन आएका ब्यापारीलाई आफ्नो उत्पादन तौलेर दिने र हिसाब मिलान गर्ने हुजदारका दैनिकी बनेको छ । झन अहिले त चाडवाडको मुख हुँदा ब्यापारी र वरपरका ग्राहकको माग पुऱ्याउन, बिरुवा गोडमेल गर्न र घरको कामको संयोजन गर्न भ्याइनभ्याइ नै पर्ने बगर खेतीका किसान बताउँछन्।

"अब दुःखका दिन बिर्सदै गएका छौँ, अचेल सधैँ काम छ, दिनहुँ तरकारी, फलफूल बेचेको पैसा हात पर्छ" उहाँ भन्नुहुन्छ, "दिनहुँ पालो लगाएर तरकारी टिपिन्छ, परवल, लौका, फर्सी, करेला, झिमनी, भिण्डी, काँक्रा र खोर्सानी, कागती टिप्न र बिक्री गर्न भ्याइनभ्याइ हुन्छ ।" वृन्दामात्र नभएर पर्सा र सग्रामपुरका एक सय आठ परिवारको घरगुजारा, नानीहरुको पठनपाठन, स्वास्थोपचार र चाडपर्व यही बगरले दिएको छ। एक समय घरगुजाराकै लागि मालिकको खेतबारीमा काम गर्न जाने आफूहरु अब आफ्नै कामले फुर्सद नभएको बगर खेतीका किसान खुसी हुँदै बताउँछन् ।रातुको पश्चिमी भङ्गालोको बाढीले जग्गा सबै काटेर बलौटो थुपारेपछि पर्साका आदिवासी थारु लालपुर्जामा जग्गा भए पनि सुकुम्बासी बनेका थिए। "लालपूर्जा हुँदाहुँदै हामी नाङ्गा भयौँ, बाढीले अर्काको खेतबारीमा मजदुरी गरेर जीवन धान्नुपर्ने बनायो" विगत भोगाइ कोट्याउँदै पर्सा बस्तीका ६५ वर्षीय रामनायण सिंह थारु भन्नुहुन्छ, "धन्न सामुदायिक विकास तथा पैरवी मञ्चले हाम्रो आँखा



खोली दियो र बगर सम्याएर खेतीपाती गर्न थाल्यौँ ।" पूर्व–पश्चिम राजमार्गको रातु पुलमुनि खोलाका तीन भङ्गाला बनेर पश्चिमी भङ्गालाले आफूहरुलाई सुकुम्बासी बनाएको विगत सम्झदा अहिले पनि सिंहका आँखाका डिल आँशुका ढिकाले ढलपलिन्छन्।

विसं २०६४ यता रातु पुलमुनि जनताको तटबन्ध कार्यक्रमले नदीका तीन भङ्गाला बाँधेर एउटामा मात्र पानी बग्ने बनाइएपछि नदी उकास भएको त्यहाँको बगरमा पैरवी मञ्चले बगरखेती गर्न किसानलाई उत्साहित बनाएको हो । पैरवी मञ्चको उत्प्रेरणाले २०७१ सालदेखि बगर खन्न खोस्रन थालेका यहाँका आदिवासी थारु अहिले अब्बल किसानमा दरिएका छन् । "पहिलेका दुई/तीन वर्ष त बगरका ढुङ्गा छान्नै लाग्यो, त्यसपछि विस्तारै खनीखोस्री गर्दा अबचाँही बगर जीविका धान्ने भयो", सिंह भन्नुहुन्छ। नदीले छाडेको जग्गा पुरानो लालपुर्जाको आधारमा पैरवी मञ्च र भङ्गाहा नगरपालिकाको कार्यालयले नापजाँच गर्ने प्राविधिकबाट छुट्याइदिएपछि किसान आ–आफ्नो सीमाभित्र खेती गर्न लागेका हुन्। पहिलेको बगर अब हराभरा बनेको छ। पहिलोचोटी यहाँ आइपुग्नेलाई त यहाँ बगर थियो भन्दा पत्यार नलाग्ने बनेको छ। नदी उकास जग्गामा अहिले मालदह, बम्बै, दशहरी, कलकतीया र जर्दा जातका १८ हजार आँपका रुख हुर्केका छन्। यी रुख फल्न थालेका पनि चार/पाँच वर्ष भएको छ।

बगैँचामा आँपबाहेक रुखकटहर, लिची, कागती र सपाटो फलका रुख छन्। रातु भङ्गालको पहिलेको बगर अहिले किसानको पौरखले हासेको छ । बगरैभरि बगैँचा, बगैँचाभित्र तरकारी खेती । कतै घिरौँला त कतै फर्सीका हरिया कैंडा। त्यहीँ नै माचमा लौका झुण्डिएका छन्, कतै भिण्डी (रामतोरिया, रामझिङनी) बोटभरि हुर्कँदै । पुरानो रातु बगर अहिले किसानको मिहेनतले लहलहाएको छ ।सग्रामपुर र पर्साका किसानले पहिलेको बालुबुर्ज २५६ बिघा बलौटे जग्गा खनीखोस्री गरेर नङ्गा खियाउन लागेका एक दशक भएको छ। प्रारम्भका दुई/तीन वर्षबाहेक त्यसयताका वर्ष उत्पादन र आर्जनमा ठिकठाक नै चल्दै आएका बगर खेतीमा रमाउँदै आउनुभएका सग्रामपुरका जासर यादव बताउनुहुन्छ । कोरोनाकालमा उत्पादन बजार पुऱ्याउन दुःख पाएको सम्झना गर्दै उहाँ ती दुःखका दिन पनि कटेका भावुक हुँदै बताउनुहुन्छ। खासमा तीन वर्षअघिको कोरोनाकालमा पाएको सास्ती यहाँका किसानका लागि पीडादायी सम्झना बनेका छन्।

बगरमै भङ्गाहा–७ का भूमिहीन दलितले पनि पछिल्ला सात वर्षयता तरकारी बाली लगाएर आर्जन गर्दै आएका छन्। विगतको यो बगर अहिले किसानको मेहनत र लगनले 'सुन' फल्न लागेको हेर्न जानेको प्रतिक्रिया हुने गरेको छ । यहाँका किसानलाई पैरवी मञ्चले बिउबिजन, ज्यावल, फलफूलका बिरुवा, सिँचाइका लागि बोरिङको व्यवस्था गरीदिनसँगै सबैलाई विभिन्न किसान समूहमा आवद्ध गराएको छ। बगरखेतीका किसान अहिले आफ्नो घरखर्च धान्ने मात्र होइन, छरछिमेकलाई पर्दा गर्जो टार्ने सहयोग गर्नसक्ने भएका छन्। आ–आफ्ना समूहमा किसानले मासिक बचत गर्दै आएका छन्।


पर्सा बस्तीका किसान ७० वर्षीय शङ्कर हुजदारले आफ्नो १२ कठ्ठा बगर खेतमा ५६ वटा आँपका रुख हुर्काउनु भएको छ । यसैगरी बगैँचाभित्र तरकारी र मसाला (बेसार, अदुवा, खोर्सानी) खेतीबाट घरगर्जो टारेर बर्सेनि दुई लाखरुपैयाँ भन्दामाथि सञ्चित हुने गरेको शङ्कर बताउनुहुन्छ ।यसैगरी पैरवी मञ्चले जिल्लाकै गौशाला–८ को बेलगाछीका मुसहर जाति समुदायका दलितलाई बगर खेतीमा प्रोत्साहित गरेको छ । बेलगाछी नजिकको सनी खोला किनारको बगर नगरपालिका कार्यालयको समन्वयमा ५० घरमाथिका मुसहरलाई खेतीपातीका लागि वितरण गरिएपछि २०७८ सालयता गिरहत (जग्गावाल मालिक) को खेतमा बनी गर्ने मुसहर अहिले आफैँ किसान भएका छन् । पैरवी मञ्चले विभिन्न दातृ निकायसँग समन्वय गरी महोत्तरीका मात्र नभइ धनुषाको मिथिला नगरपालिकाको औरही नदी किनारको बगर र कमला नदी तटको सिरहाको कर्जन्हा नगरपालिका–६ बन्दीपुरको ११६ बिघा बगरमा खेती गर्न साना किसानलाई सघाएको छ।

बन्दीपुरमा ११६ बिघा नदी उकास कमलाको बगरलाई अहिले २४३ परिवार गरिब किसानले हराभरा बनाएका छन् । किसानलाई परिवार स¤ˆयाको आधारमा कर्जन्हा नगरपालिकाका जनप्रतिनिधिले बगरमा सीमा छुट्याएर बाँडी दिएपछि दिनरात नभनी त्यहाँका किसानले आफ्ना दुःख र अभावका दिन फेरेका छन्। कमलाको नदीउकास बगर अहिले दुई वर्षभित्रै हराभरा बनेको छ ।पहिलोपटक मञ्चले काँस घारी फाँड्न जोतखनका लागि ट्र्याक्टर उपलब्ध गराएको थियो । बगरमा अहिले आँप, लिची, कटहर र कागतीका समेत् ११ हजार बिरुवा हुर्केका छन् । बगैँचाभित्रको जग्गामा अहिले लहलह परवल छ। परवल किन्न ब्यापारी खेतमै आउने गरेका किसान जगतीदेवी मुखिया बताउनुहुन्छ।

यहाँ मुसहर, खत्वे र मलाह जाति समुदायका गरिब किसानले 'बगरमा बगैँचाः बगैँचामा खेती' कार्यक्रमबाट राम्रो आर्जन गरिरहेका छन् । "हामीले पसिना बगाउने आफ्नै ठाउँ पाएका छौँ, अब बनी (मजदुरी) गर्न कहीँ जानपर्दैन, यही बगर खोस्रदा धेरै कुरा पाएका छौँ" पाँच कठ्ठा जग्गा पाएका पल्टा मुखियाले भन्नुभयो, "हाम्रो सबै गुजारा यो बगरले चलाएको छ ।"बन्दीपुरको बगरबगैँचा खेतीका लागि कर्जन्हा नगरपालिका र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को साथ पाइएको सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासका अध्यक्ष नागदेव यादव बताउनुहुन्छ। "यहाँ पाँच प्लट छन्, प्रत्येक प्लटमा एउटा पक्की घर टहरा बनेका छन्" अध्यक्ष यादव भन्नुहुन्छ, "यी टहरा किसानका थकाइ मार्ने र तरकारी टिपेर थुप्र्याउने ठाउँ हुन् ।" किसानको मेहनतले पहिलेको बगर अब उर्बर जग्गा बनेको देख्दा खुशी लाग्ने गरेको यादव बताउनुहुन्छ । सिँचाइका लागि बोरिङ्ग र बिजुलीको प्रबन्धले खेती सहज बनेको किसानले बताएका छन् । समयसमयमा बिउविजन, मलखाद र कृषि प्राविधिकको सरसल्लाह पैरवी मञ्चले जुटाइदिएको मुसहर समुदायकी किसान सुर्जी सदा बताउनुहुन्छ।

सबै ठाउँका बगरखेतीका किसान आफ्नो र आम उपभोक्ताको स्वास्थ्यप्रति सचेत छन्। खेतीमा घरमै बनेको कम्पोष्ट मल र किरा नियन्त्रणका घरेलु औषधि प्रयोग गरिन्छ । बगर खेतीका किसानले रासायनिक मल र विषादीरहित प्राङ्गारिक खेती गर्ने हुँदा उपभोक्ताका लागि यी ठाउँका उत्पादन पहिलो रोजाइमा पर्ने गरेका छन्। सामान्यतया आफ्ना उत्पादन जग्गामै बिक्ने गरेको किसानको भनाइ छ। "तरकारी चाहिने सोझै यहीं आइपुग्छन्, हामीलाई यही तौलेर दिन भ्याइनभ्याइ हुन्छ" कमलाको नदी उकास बगर खेतीका किसान परीक्षण सदा भन्नुहुन्छ, "घरमा खान र व्यवसाय गर्ने ब्यापारी सबै खेतमै आइपुगेपछि हम्मेसी बजार नै जान पर्दैन।"

बगर खेतीबाट नियमित आम्दानी हुन थालेपछि महोत्तरी, धनुषा र सिरहाका किसानका छोराछोरी नियमित विद्यालय जाने, थोरैपनि स्वास्थ्य समस्या हुँदा तत्काल स्वास्थ्य चौकी जाने, नियमित आफ्नो किसान समूहको बैठकमा सहभागी हुने र बचत गर्ने भएका छन्। यिनीहरुको जीवनमा आएको परिवर्तनले निरन्तर सघाउन उत्प्रेरित गर्ने गरेको कर्जन्हा नगरपालिकाका प्रमुख भोला पोखरेल बताउनुहुन्छ। बगर बगैँचा र तरकारी खेतीमा लागेका किसानमा आएको परिवर्तन अन्य ठाउँका लागि शिक्षा भएको पैरवी मञ्चका अध्यक्ष यादवको थप भनाइ छ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# जुवा खेलाउनेलाई कारबाही गर

धनुषा जिल्लाको क्षीरेश्वरनाथ नगरपालिकाको वडा नम्बर ६ मा लाग्ने बाख्रा बजार अवस्थित सार्वजनिक धर्मशालामा प्रहरीको संरक्षणमा जुवा खेल्ने र खेलाइने गरिन्थ्यो। इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरका प्रहरी निरीक्षक (इन्सपेक्टर) सोनी साहको संरक्षणम मिथिलाबिहारी नगरपालिकाको तारापट्टीका किशोरी साहले धर्मशालाको पहिलो तल्लामा जुवा खेलाउने गर्थे । किशोरी साह लामो समयदेखि जुवा खाल सञ्चालन गर्ने कुख्यात हुन् । उनी पहिले तारापट्टीमै जुवा खेलाउने गरेका थिए। तर पछिल्लो समयमा तारापट्टी थानाले सहमति नदिएपछि उनी इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरका इञ्चार्ज इन्सपेक्टर सोनी साहलाई जुवा खेलाइने दिनको ८० हजार रुपैयाँ दिएर संरक्षण प्राप्त गरेका थिए । रौतहट, उदयपुरलगायतका जिल्लाबाट समेत जुवाडेहरु सखुवा बजारमा जुवा खेल्न आउने गरेका थिए। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीको निर्देशनमा शनिबार राति १ बजे धर्मशालामा छापामारी गरी प्रहरीले ३९ जनालाई पक्राउ गरे। जुवा खेलाउने तास, कौडासहित ९ लाख ७३ हजार ८ सय ७० रुपैयाँ प्रहरीले बरामद गरेको छ । जुवाखालबाट विभिन्न प्रकारका ३६ थान मोबाइल पनि प्रहरीले बरामद गरेको बताइएको छ। जुवा खेलाउने किशोरी साहले विगतमा पनि प्रहरी संरक्षणमा नै काम गर्थे । प्रहरीको संरक्षण बिना यस प्रकारको आपराधिक क्रियाकलाप गर्न सम्भव छैन। ३९ जना एउटा सार्वजनिक धर्मशालामा बसेर जुवा खेलिरहेको नजिकैको प्रहरीले थाहा नपाउनु संभव छैन । जुवा खेलाउनेसित मिलेमतो गरी रुपैयाँ लिने गरेका प्रहरीले उनीहरुलाई संरक्षण नै गरिरहेका थिए। सखुवा महेन्द्रनगर इलाकामा महिला सहितको आर्केष्ट्रा प्रोग्राम निर्वाध रुपमा हुने गरेको छ। जिल्ला प्रहरी कार्यालयले त्यसमा रोक लगाएको छ। तर नगद लेनदेनमा इप्रका सखुवा महेन्द्रनगरले छुट दिएको छ । जिल्ला प्रहरीका प्रहरी उपरीक्षक तिवारी स्वयंले चासो लिएर जुवातास खेल्ने खेलाउनेलाई पक्राउ गरेका छन् । जुवा खेलाउने पेशेवर किशोरी साहलगायत जुवा खेल्नेहरुलाई समेत कडा कारबाही गरिनु पर्छ। सबैला, तारापट्टी, रौतहट, उदयपुर लगायतका स्थानबाट जुवाडेहरु जुवा खेल्न सखुवा महेन्द्रनगर पुगेका थिए । जुवामा सर्वस्व समेत हार्ने उच्च जोखिम हुन्छ। जुवाडेहरुले अन्य आपराधिक घटनाहरुमा समेत संलग्न रहेको पाइन्छ। त्यसकारण पनि जुवा खेलाउनेसहित खेल्ने र उनीहरुलाई संरक्षण गर्ने प्रहरीलाई समेत कारबाहीको दायरामा ल्याउनु पर्छ।

# मधेशमा घुसुवा बाली मसुरो खेती एक उपाय



डा. श्रीभगवान ठाकुर

मुसुरो दक्षीण एसियामा दालको रूपमा प्रयोग गरिने, नेपालमा कुल कोसेबाली खेती मध्ये ६४ प्रतिशत क्षेत्रफल (३,२०,००० हेक्टर), कुल ६७ प्रतिशत (४लाख मे. टन) उत्पादन रहेको र नम्बर १ निर्यात बालीको रूपमा चिनिने अत्यन्त लोकप्रिय दलहनबालीको रूपमा रहेको छ। यसको खेती धान अथवा मकै बालीमा आधारित प्रणालीमा गर्ने प्रचलन छ। यसको उत्पादकत्व १.२३ मे. टन प्रति हेक्टर जुन अरुबाली भन्दा न्यून रहेको छ। नेपालमा झन्डै ६ लाख घरधुरी कृषकहरू मुसूरो खेतीमा संलग्न रहेका छन् भने नेपालको तराई भूभाग जहाँ ९५ प्रतिशत मुसुरो खेती गरिन्छ।

मसुरो निर्यात बालीको अलावा यसको दालमा प्रोटीन, कार्बोहाइड्रेट, कैल्शियम, फा'स्फोरस, आईरन, सोडियम, पोटासियम, मैग्नेशियम, सल्फर, क्लोरीन, आयोडीन, एल्युमीनियम, का'पर, जिंक, एवं विटामिन डी आदि तत्व पाइन्छ। यी पोषक तत्वहरुको ठूलो श्रोत भएकोले नेपालको मध्यम वर्गीय समाज तथा गरिब कृषकहरूले प्रशस्त प्रयोग गर्ने गर्दछ। मसुरो बालीले हावामा भएको नाइट्रोजन मल माटोमा स्थिरीकरण गर्ने भएकोले माटोको उर्वराशक्तिमा दिगोपन ल्याउन र खेती प्रणालीमा पनि सुधार आउने हुनाले वाली विविधीकरणमा समेत सहयोग पुगेको छ।

धान मुख्य खाद्यान बाली रहेकोले मधेशमा अधिकांस क्षेत्रमा धानखेतीमा आधारित बाली प्रणाली रहेको छ। धान पछि लगाइने बालीहरु दलहन, तेलहन तथा मकै बाली रहेको छ। मधेशका अधिकांस भूभागमा खान मन पर्ने हिसावले, पानी ढिलो पर्ने, रोपाई गर्न मजदुर पाउने, अगौटेमा रोगकीरा व्यवस्थापन गर्न गाह्रो हुने, धानको लागि मध्ययम तथा गहिरो खाले जग्गामा धान खेती हुने, धान थन्क्याउने बेलामा पानी पर्ने कारणहरुले अगहनी धान खेती गर्ने क्षेत्रफल बढी रहेको छ। यसको खेती हिउँद मौशममा साधारणतया कार्तिक-मंशीरमा धान पछि मुसुरो छर्ने वेलामा बढी चिस्यान हुनु वा सुख्खा हुनु बाली स्थापनामा समस्याको रूपमा रहेको छ।


धान बालीमा आधारित प्रणालीमा मुसुरो घँसुवा बाली वा धान पछि एक्लो बालीको रूपमा वा गहुँ, तोरी, आलस, केराउ तथा चनासँग मिश्रित तथा अन्तर बालीको रूपमा गर्ने प्रचलन छ। यसको खेती धान तथा मकै बाली प्रणालीमा लगाएमा मकै तथा धानको उत्पादन १० देखि ४० प्रतिशतले बढ्ने गरेको पाईन्छ।

यस वर्ष असोज महिनामा तराई पहाडमा अविरल वर्षाले बाढी, डुबान तथा पहिरोको कारण पानी धेरै समयसम्म जम्ने, धान बाली ढिलो कटाई हुने र खेत खाली  त्यसपछि जोत्ने र तयारी गरी मसुरो छर्न धेरै ढिलो हुने भएकोले मसुरो घुसुवा बालीको महत्व बढेको छ। धेरै ढिलो लगाएको मसुरो फाल्गुन-चैत्र महिनाको ताँतो हावाले बाली सुक्ने तथा जबरजस्ती पाक्ने भएकोले उत्पादक्व घट्दछ। विशेषगरी धान पछि असिंचित क्षेत्रमा जहाँ सिंचाई पानीको असुविधा हुने क्षेत्र बाँझो राखिने गर्ने गरेको पाईन्छ। युवाहरु बाहिर गएको अवस्थामा मजदूरहरु पाउन गाह्रो तथा महँगो दरमा पाउने भएकोले धेरै मजदूर चाहिने, नगदे तथा तरकारी बाली महिला कृषकहरुबाट खेती गर्न पनि अलि अप्ठयारो रहेको छ। यस परिस्थितिमा खेत खाली राख्नु भन्दा दलहन बालीको उत्पादन बढाउन, माटोको उर्वराशक्ति बढाउन, खेतबाट अतिरिक्त आम्दानी लिन, भू-क्षयबाट बचाउन, गाईवस्तुको लागि भुस उत्पादन गर्न तथा माटोमा बाँचेको चिस्यानलाई सदुपयोग गर्न घुसुवा मसुरो उत्पादन गर्नु सुहाउँदो र अपरिहार्य देखिन्छ।

मसुरो घुसुवा बाली प्रविधिः

मसुरो धानबाली काट्न १५ दिन देखि २५ दिन बाँकी हुँदा खेतमा चिस्यानको आधारमा बीउ छर्ने समय निर्धारण हुन्छ। साधारणतया कार्तिक मसान्तसम्म बीउ छरि सक्नु पर्दछ। बोट ओइलाउने र जरा कुहिने रोग नियन्त्रण गर्न मसुरोको बीउ पानीमा १२ घंटासम्म भिजाई  जात अनुसार १-१.५ के.जी. प्रति कठा बीउको दरले २-३ ग्राम ववििस्टनले बीउ उपचार गर्नु पर्दछ। उपचारित बीउ छरुवा विधिबाट हातले धानभित्र पसेर सबैभागमा पर्ने गरी छर्नु पर्दछ। पहिलो पटक मसुरो खेती गर्ने खेतमा ववििस्टन विषादीले बीउ उपचार गरेको १०-१५ दिन पछि मात्र राइजोवियम जोरनले उपचार गर्नु पर्दछ। २५० मिलिलिटर पानीमा २५ ग्राम  चिनी वा सख्खर हाली उमाल्ने र पानी सेलाए पछि मात्र त्यसमा ५० ग्राम राइजोवियमको जोरन हालेर लेदो बनाउने र त्यसमा ५ केजी मुसुरोको बीउ राखी सवै बीउमा टाँसिने गरी राइजोवियम जोरनले उपचार गरी बीउलाई छायाँमा सुकाई सोही दिन वा भोलीपल्ट छर्नु पर्दछ। नेपालमा हालसम्म १० वटा जातहरु : सिन्दुर, सिम्रिक, शिशिर, सिमल, शिखर, खजुरा मसुरो १, खजुरा मसुरो २, शितल, महेशवर भारती र सगुन कृषकहरुका लागि खेती गर्न सिफारिस भएका छन्।

अतः तराई मधेशमा धान पछि दलहन बालीहरुमध्ये घुसुवा बाली मसुरो खेती गर्न सजिलो रहेको छ। यसवर्ष ढिलो पानी परेकोले हिउँदे नगदे बाली धेरै क्षेत्रफलमा समयमा लगाउन अलि गाह्रो हुने भएकोले अधिकाँस खेत खाली हुने संभावना रहेको र घुसुवा बाली मसुरो खेती गरी दालको उत्पादन, कृषकहरुको आम्दानी बढाउन तथा माटोको उर्वराशक्ति बढाउन उचित उपाय रहेको छ।



# दक्षिण एसियामा पछिल्लो उथलपुथल : सङ्कटको डिलमा नेपाल !

रंगलाल रिमाल

दरबारसँग नजिक रहेका परराष्ट्रविद् रमेशनाथ पाण्डेले एक दिन एउटा म्यागेजिनका लागि अन्तरवार्ता दिने क्रममा यो पंक्तिकारसहितको टोलीसँग २०५२ सालदेखि सुरु भएको माओवादी विद्रोह र दरबारसँगको सम्बन्धका विषयमा कुराकानी गरे।

कुराकानीको बिचमै उनले हामीतर्फ एउटा प्रश्न गरे- तपाईंहरूले माओवादी अध्यक्ष प्रचण्डलाई पहिलोपटक कहिले देख्नुभयो ?  जवाफमा भन्यौं- शान्तिप्रक्रिया सुरु हुने समय वरिपरि।

तर पाण्डेले २०५३ सालदेखि नै माओवादी सुप्रिमोसँग आफूहरूको सम्बन्ध रहेको खुलासा गरे । उनका अनुसार तत्कालीन राजा वीरेन्द्र शाहले माओवादी विद्रोहलाई शान्तिपूर्ण ढंगले व्यवस्थापन गर्न पहल गर्दै विभिन्न माध्यमबाट वार्ता गरिरहेका थिए। सोही क्रममा माओवादी नेतृत्वले पनि आफूसँग विभिन्न माध्यमबाट वार्ता गरिरहेको पाण्डेको भनाइ थियो।

पाण्डेसँग केही वर्षअघि भएको सो भेट मलाई अहिले पनि ताजैजस्तो लाग्छ। यो प्रसङ्गले सशस्त्र विद्रोहको नेतृत्व गर्ने र सत्ताको नेतृत्व गर्नेबिच वार्ता र संघर्ष समानान्तर रूपमा चलिरहेकै हुन्छ भन्ने कुरा पुष्टि गर्दछ।

तर २०५८ साल जेठ १९ गते राजा वीरेन्द्र शाहसहित उनका परिवारको हत्या भयो। त्यसपछि पाण्डेको त्यो प्रयास सधैंका लागि टुङ्गियो । दक्षिण एसियालाई शान्ति क्षेत्रका अतिरिक्त राजनीतिक, कूटनीतिक र विकासको ढोका खोल्ने उद्देश्यसहित 'सार्क संगठन' को परिकल्पना गरेर त्यसको निर्माणमा भूमिका खेल्ने राजा वीरेन्द्रको अन्ततः रगतको पोखरीमा लत्पतिएर इहलीला समाप्त भयो।

दक्षिण एसियालाई शान्ति क्षेत्रका अतिरिक्त राजनीतिक, कूटनीतिक र विकासको ढोका खोल्ने उद्देश्यसहित 'सार्क संगठन' को परिकल्पना गरेर त्यसको निर्माणमा भूमिका खेल्ने राजा वीरेन्द्रको अन्ततः रगतको पोखरीमा लत्पतिएर इहलीला समाप्त भयो।

राजदरबार हत्याकाण्ड कसले गर्यो र किन गरियो भन्ने विषयमा विभिन्न अड्कलबाजी गरिन्छ । त्यसको सत्यतथ्य रिपोर्ट बाहिर आउन नसकेको चर्चा अझै बेलाबखत चल्ने गरेको छ। यदि राजा वीरेन्द्रको हत्या हुँदैनथ्यो भने नेपालको राजनीतिक मोड कता मोडिन्थ्यो भनेर भन्न सक्ने स्थिति थिएन।

माओवादी र सात राजनीतिक दलबिच मिलेर आन्दोलन हुन्थ्यो वा हुँदैनथ्यो भन्ने पनि निश्चित थिएन। त्यसबेला दरबार हत्याकाण्डलाई माओवादीले 'नयाँ कोतपर्व' को संज्ञा दिएको थियो। सो हत्याकाण्डलाई माओवादी लगायतका दलले 'लोकतान्त्रिक गणतन्त्र' स्थापनाका लागि महत्त्वपूर्ण 'घुम्ती' भनेका छन्।

२०५८ सालपछि नेपालको राजनीतिक परिस्थिति फरक ढंगले अघि बढेको थियो। राजदरबार हत्याकाण्डपछि तत्कालीन राजा ज्ञानेन्द्र शाह नेतृत्वको राज्यव्यवस्था चार वर्षमात्र टिकेको थियो । नेपालको इतिहासमा यो खालका रक्तपातपूर्ण घटना थुप्रै भएका छन्, जसले सत्ता परिवर्तनमा भूमिका खेलेका छन्। त्यसलगत्तै भएको २०६२/०६३ को जनआन्दोलनमार्फत प्राप्त उपलब्धि र त्यसको समीक्षा अहिले भइरहेको छ।

राजदरबार हत्याकाण्डपछि तत्कालीन राजा ज्ञानेन्द्र शाह नेतृत्वको राज्यव्यवस्था चार वर्षमात्र टिकेको थियो। नेपालको इतिहासमा यो खालका रक्तपातपूर्ण घटना थुप्रै भएका छन्, जसले सत्ता परिवर्तनमा भूमिका खेलेका छन्।

यो ऐतिहासिक प्रसङ्गलाई दक्षिण एसियामा, विशेषगरी बंगलादेश र श्रीलंकामा भएका पछिल्ला आन्दोलन र त्यसको असरसँग जोड्न खोजिएको हो । पछिल्ला दिन बंगलादेश र श्रीलंकामा भएका सङ्ग्रामको असर नेपालमा कस्तो पर्ला भनेर बहस भइरहेको छ । आन्दोलनमार्फत त्यहाँका शासकहरूलाई जनताले लखेटे। श्रीलंकाका तत्कालीन राष्ट्रपति गोटावाया र बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाले देश छाडेरै भाग्नुपर्यो। राज्य व्यवस्थापनमा शासकहरू चुक्न थालेपछि जनताले आफ्नो नेतृत्व आफैं छान्छन् भन्ने उदाहरण ती दुई मुलुकमा भएका जनसङ्घर्ष र त्यसको परिणामले देखाइसकेको छ।

नेपालमा पनि १८ वर्षअघि जनआन्दोलन उत्कर्षमा पुगेपछि तत्कालीन राजा ज्ञानेन्द्र शाहले गद्दी त्याग गरेका थिए। त्यसपछि सात दल र सशस्त्र विद्रोहबाट आएको नेकपा माओवादी केन्द्रले पालैपालो सत्ताको नेतृत्व गरिरहेका छन्।

आन्दोलनपछि श्रीलंकामा वामपन्थी नेता अनुरा कुमारा दिसानायके नयाँ राष्ट्रपतिमा निर्वाचित भएका छन् भने बंगलादेशमा अन्तरिम सरकारको नेतृत्व मुहम्मद युनुसले गरेका छन्। पछिल्ला दिन आन्दोलनकारीहरूले बंगलादेशका राष्ट्रपतिको समेत राजीनामा मागिरहेका छन् । अझै त्यहाँ आन्दोलन मत्थर भइसकेको छैन । आन्दोलनको नेतृत्व २६ वर्षीय विद्यार्थी नेता 'नाहिद इस्लाम' लगायतले गरे। बंगलादेश स्वतन्त्र हुँदा लडेका सिपाहीका छोराछोरीलाई आरक्षणको ठुलो हिस्सा सुनिश्चित गरेपछि विद्यार्थीहरू आक्रोशित भएका थिए।

आन्दोलनले उग्ररुप लिएपछि प्रधानमन्त्री हसिनाले देश छाडेर भाग्नुपरेको थियो। आन्दोलनका क्रममा बंगलादेशका संस्थापक नेता तथा हसिनाका पिता शेख मुजिबुर रहमानको सालिक समेत तोडियो। उनको शासन ढल्नुमा पछिल्लो समय मौलाएको अराजकता, भ्रष्टाचार तथा विभिन्न बेथितिसमेत कारण रहेको बताइन्छ।

बंगलादेश र श्रीलंकामा देखिएको आन्दोलनको उत्कर्ष पनि नेपालकै जस्तो विद्रोह र रक्तपातपूर्ण इतिहाससँग जोडिएर आएको देखिन्छ। यद्यपि बंगलादेशमा शेख हसिना नेतृत्वको सरकार स्वेच्छाचारी र लोकतान्त्रिक आवरणभित्रको निरंकुश चरित्रको भए पनि त्यहाँ उनको पालामा आर्थिक विकास प्रशस्त भएको मानिन्छ । दक्षिण एसियामा बंगलादेशको ' आर्थिक विकासको मोडल' को प्रशंसा भइरहेको छ।

बंगलादेश र श्रीलंकामा देखिएको आन्दोलनको उत्कर्ष पनि नेपालकै जस्तो विद्रोह र रक्तपातपूर्ण इतिहाससँग जोडिएर आएको देखिन्छ ।बंगलादेशको आर्थिक मेरुदण्ड कपडा (टेक्सटाइल) उद्योग हो । श्रीलंका भने आर्थिक रुपमा टाट पल्टिएको छ। बंगलादेश र श्रीलंका आर्थिक विकासमा ठिक विपरीतजस्तै छन् । नेपालको अर्थतन्त्र पनि सङ्कटग्रस्त छ । यी तीन देशको आर्थिक, राजनीतिक र कूटनीतिक सम्बन्धमा भारत र चीनको प्रत्यक्ष प्रभाव पर्ने गरेको छ। यद्यपि, अमेरिका लगायत पश्चिमी शक्ति राष्ट्रहरूको नजर पनि परिरहेकै छ।

### दुई महिलाको दुश्मनीले निम्त्याएको सङ्कट

युद्धपछि भारत र पाकिस्तान छुट्टिएका थिए। त्यसको केही वर्षपछि पूर्वी पाकिस्तान र पश्चिम पाकिस्तानबिच आन्तरिक द्वन्द्व भयो। सन् १९७१ डिसेम्बर १६ मा पूर्वी पाकिस्तान बंगलादेशको रूपमा जन्मिएको थियो । बंगलादेशलाई स्वतन्त्र बनाउन शेख हसिनाका पिता शेख मुजिबुर रहमानले ठुलो भूमिका खेलेका थिए ।बंगलादेशलाई त्यसबेला भारतले पूर्ण रूपमा साथ दिएको थियो। पाकिस्तान स्वतन्त्र भएपछिको पहिलो निर्वाचनमा पूर्वी पाकिस्तानले बहुमत प्राप्त गरेपछि पश्चिम पाकिस्तानले हसिनाका पितालाई पक्राउ गरेको थियो । त्यसलगत्तै भारतले पश्चिम पाकिस्तानमाथि सैनिक हस्तक्षेप गर्यो र बंगलादेश जन्मियो।

सन् १९७५ मा हसिनाका बाबुआमा, तीन भाइ र दुई बुहारीको हत्या भएको थियो । त्यसबेला शेख हसिना २७ वर्षकी थिइन् । हत्याकाण्डका बेला उनी युरोपमा थिइन् । परिवारको हत्या भएपछि उनी युरोपबाट फर्किएर सन् १९८१ सम्म भारतमा शरण लिएर बसेकी थिइन्। भारतकी तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले हसिनालाई शरण दिएकी थिइन् । त्यसको केही वर्षपछि बंगलादेश फर्किएकी उनले पिताले स्थापना गरेको पार्टी अबामी लिगबाट राजनीतिक यात्रा सुरु गरेकी थिइन्।

उनले राजनीति सुरु गर्दा बंगलादेशमा सैनिक शासन थियो । त्यसबेला खालिदा जियाका श्रीमान सेना प्रमुख थिए । उनको पनि षडयन्त्रपूर्ण ढंगले हत्या भएपछि जिया पनि बीएनपी दलमार्फत राजनीतिमा आएकी थिइन् ।सुरुमा खालिदा जियाको पार्टीले बहुमत हासिल गरे पनि पछिल्ला वर्ष हसिनाको पार्टीको दबदबा थियो । उनले साम, दाम, दण्ड, भेदजस्ता नीति प्रयोग गरेर डेढ दशकभन्दा बढी शासन गरिन् । त्यो अवधिमा उनले खालिदालाई भ्रष्टाचार मुद्दामा जेल हालिन् । नोबेल पुरस्कार विजेता मुहम्मद युनिसलाई समेत षड्यन्त्रपूर्ण ढंगले देश बाहिर पठाइन्।

> आर्थिक सङ्कटपछि सन् २०२२ मा भएको जनआन्दोलनका क्रममा तत्कालीन राष्ट्रपति गोटाबाया राजापक्षे देश छोडेर भागेका थिए । श्रीलंकामा वर्षौंदेखिको न्यून कर, कमजोर निर्यात, ठुला नीतिगत त्रुटि र अन्ततः कोभिड १९ को महामारीका कारण मुलुकको मुद्रा सञ्चिति घटेको थियो । देशको ऋण ८३ अर्ब डलर नाघेको छ भने मुद्रास्फीति ७० प्रतिशतले बढेको छ ।

हसिनाले आफ्नो सामु लोकप्रिय हुन खोज्ने कसैलाई बाँकी राखिनन्। खालिदा र उनको दुस्मनी पनि बंगलादेशको राजनीतिमा अराजकताको कारण बन्यो । अन्ततः हसिना शासनको पतन भयो । देश छाडेर भागेकी हसिनालाई दशकौंपछि फेरि भारतले शरण दिएको छ। अहिले बंगलादेशमा हसिनाको विद्यार्थी संगठनमाथि समेत प्रतिबन्ध लगाइएको छ।

हसिनाले आफ्नो सामु लोकप्रिय हुन खोज्ने कसैलाई बाँकी राखिनन्। खालिदा र उनको दुस्मनी पनि बंगलादेशको राजनीतिमा अराजकताको कारण बन्यो ।लघुवित्तमार्फत जनताको जीवनस्तर उठाउने अभियानमार्फत लोकप्रियता कमाएका नोबेल पुरस्कार विजेता युनुसले अहिले अन्तरिम सरकारको नेतृत्व गरिरहेका छन्। अझै त्यहाँको राजनीतिक नेतृत्व कता जान्छ भन्ने अन्योल नै छ। राष्ट्रपति मोहम्मद साहाबुद्दिनले प्रधानमन्त्री हसिनाले राजीनामा दिएको पत्र आफूलाई प्राप्त नभएको भन्ने अभिव्यक्ति दिएपछि केही दिनअघि आन्दोलनकारीले राष्ट्रपति भवन घेराउ गरेका थिए। त्यसैले बंगलादेशको राजनीति थप अन्योलग्रस्त हुँदै गएको छ।

### श्रीलंकामा झन् ठुलो सङ्कट

सन् १९४८ सालमा स्वतन्त्र भएको श्रीलंका त्यसअघि ब्रिटिश मोडलको कमनवेल्थ राष्ट्र थियो । सन् १९८३ मा सुरु भएको गृहयुद्धले श्रीलंकालाई निकै पछाडि धकेल्यो । सन् १९७२ मा तत्कालीन प्रधानमन्त्री सिरिमाओ बन्दरानायकेले सिलोनको नाम फेरेर श्रीलंका राखेकी थिइन्। उनले श्रीलंकालाई गणतन्त्र घोषणा गरे पनि श्रीलंकाको उधोगति कायमै रह्यो।

भूमिमा असमान वितरण र आत्मनिर्णयको अधिकारमा पछि पारिएपछि तमिलहरूले विद्रोही संगठन निर्माण गरे । सो युद्धमा पचासौं हजार मानिस मारिए । जयवर्द्धने नेतृत्वको शासनबाटै उक्त देशमा रक्तपात सुरु भएको थियो। तत्कालीन प्रधानमन्त्री प्रेमदासाले सन् १९९२ मा तमिल टाइगर्सविरुद्ध सेना परिचालन गरे । विद्रोह दबाउन सेना असफल भयो । १९९३ मा आत्मघाती बम विष्फोटमा उनको समेत हत्या भयो।

तमिलहरूको मूल थलो भारत हो। सयौं वर्षअघि भारतबाट जाफ्ना प्रान्तमा गएका उनीहरूमाथि दमन गर्न भारतले समेत सेना पठाएको थियो । तत्कालीन भारतीय प्रधानमन्त्री राजीव गान्धीले सेना पठाउने निर्णय गरेका थिए । तर सन् १९९१ मा मद्रासमा तमिल महिलाको आत्मघाती बम विष्फोटमा राजीव गान्धीको हत्या भयो । श्रीलंकाको तमिल विद्रोहले भारतमा समेत ठुलो प्रभाव पारेको थियो ।तत्कालीन भारतीय प्रधानमन्त्री राजीव गान्धीले सेना पठाउने निर्णय गरेका थिए। तर सन् १९९१ मा मद्रासमा तमिल महिलाको आत्मघाती बम विष्फोटमा राजीव गान्धीको हत्या भयो । श्रीलंकाको तमिल विद्रोहले भारतमा समेत ठुलो प्रभाव पारेको थियो।

तत्कालीन प्रधानमन्त्री सोलोमन वेष्ट रिज्वे दियास बन्दरानायकेले श्रीलंकामा सिंहालीलाई राष्ट्रभाषा र बौद्ध धर्मलाई राष्ट्रधर्म बनाउने बाचा गरे। उनको यो बाचापछि श्रीलंका थप छिन्नभिन्न हँदै गएको थियो। यो घोषणापछि उनले सिंहालीको मत पाएर चुनाव जिते । तर जाफ्ना प्रायद्वीपका तामिल, हिन्दु, मुस्लिम र क्रिश्चियनहरूले आफू थप अपमानित भएको महसुस गरे। प्रधानमन्त्री रहेकै बेला बन्दरानायकेको समेत हत्या भयो। राज्य व्यवस्थापनमा शासकहरू चुकेपछि देशको अवस्था कहाँ पुग्छ भन्ने यो ठुलो उदाहरण हो। पछि 'तमिल टाइगर्स' को नेतृत्व गरिरहेका प्रभाकरण पनि सैन्य कारबाहीमा मारिए।

त्यसपछिका शासकहरूले समेत श्रीलंकाको नेतृत्व राम्रोसँग गर्न सकेनन्। सन् २०१९ अप्रिल २१ मा कोलम्बोका अन्तर्राष्ट्रिय होटलहरूमा शृृ लाबद्ध बम विष्फोटमा कम्तीमा ३०० जनाको मृत्यु भएको थियो भने सयौं घाइते भएका थिए। सो आक्रमणलाई श्रीलंकाको सबैभन्दा खराब आक्रमणको रूपमा लिइन्छ। पाँच वर्ष बितिसक्दा समेत त्यो शृंखलाबद्ध विष्फोट कसरी भयो र सुरक्षा व्यवस्था कहाँ चुक्यो भन्ने प्रश्नको जवाफ पाउन सकिएको छैन। आर्थिक सङ्कट र भ्रष्टाचारले देश जर्जर भएको छ।

आर्थिक सङ्कटपछि सन् २०२२ मा भएको जनआन्दोलनका क्रममा तत्कालीन राष्ट्रपति गोटाबाया राजापक्षे देश छोडेर भागेका थिए। श्रीलंकामा वर्षौंदेखिको न्यून कर, कमजोर निर्यात, ठुला नीतिगत त्रुटि र अन्ततः कोभिड १९ को महामारीका कारण मुलुकको मुद्रा सञ्चिति घटेको थियो । देशको ऋण ८३ अर्ब डलर नाघेको छ भने मुद्रास्फीति ७० प्रतिशतले बढेको छ।

आर्थिक सङ्कटका लागि राजापक्षे र उनको सरकार जिम्मेवार रहेको बताइएको छ । अर्थतन्त्र धराशायी भएपछि भएको जनआन्दोलन पछिको पहिलो राष्ट्रपतीय चुनावबाट अनुरा कुमारा दिसानायके निर्वाचित भएका छन् ।दिसानायकेले निकततम प्रतिद्वन्द्वी सजित प्रेमदासलाई पराजित गर्दै राष्ट्रपतिको निर्वाचनमा जित हासिल गरेका हुन्। श्रीलंकाको गलेबेलामा २४ नोभेम्बर सन् १९६८ मा दिसानायकेको जन्म भएको थियो । यो सहर त्यहाँको बहुसांस्कृतिक र बहुधार्मिक सहर हो। मध्यमवर्गीय परिवारमा जन्मिएका उनले सरकारी विद्यालयमा अध्ययन गरेका थिए। उनले भौतिकशास्त्र डिग्री गरेका छन्।

आर्थिक सङ्कटका लागि राजापक्षे र उनको सरकार जिम्मेवार रहेको बताइएको छ। अर्थतन्त्र धराशायी भएपछि भएको जनआन्दोलन पछिको पहिलो राष्ट्रपतीय चुनावबाट अनुरा कुमारा दिसानायके निर्वाचित भएका छन् । सन् १९८७ मा श्रीलंका र भारतबिच सम्झौता हुँदा उनी विद्यार्थी राजनीतिमा प्रवेश गर्दै थिए। यो त्यही समय थियो, जतिबेला श्रीलंकामा सबैभन्दा ठुलो रक्तपातपूर्ण युद्धको सुरुवात भएको थियो । १९८७ देखि उनको पार्टी जनता विमुक्ति पेरामुनाले श्रीलंका सरकारविरुद्ध हतियार उठाएको थियो। उक्त युद्धमा हजारौंको ज्यान गएको थियो।

सन् १९९७ मा दिसानायके सो पार्टीको केन्द्रीय समितिमा निर्वाचित भएका थिए। सन् २००८ मा आइपुग्दा उनी पार्टीको नेता बने। त्यसलगत्तै उनले पार्टीले गरेको हिंसाका लागि माफी मागेका थिए । उक्त पार्टीको संसदमा ३ जना सांसद छन् । दिसानायके नेतृत्वको पार्टी एनपीपी गठबन्धनको एक हिस्सा हो।

उनले राजनीतिक वर्गमा व्याप्त भ्रष्टाचार र नातावादलाई तोड्ने नेताका रूपमा आफूलाई स्थापित गरेका छन् । राष्ट्रपतिमा निर्वाचित भएलगत्तै उनले भ्रष्टाचारविरुद्ध कडा अभियान चलाउने, कल्याणकारी योजना ल्याउने र कर कटौती गर्ने बाचा गरेका छन् ।उनले अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) को सल्लाहविना देशको आर्थिक मोर्चामा कुनै परिवर्तन नहुने बताएका छन् । आर्थिक मन्दीको सामना गरिरहेको श्रीलंकालाई अन्तर्राष्ट्रिय मुद्राकोषले ऋण दिएको छ । चीनसँग नजिक रहेको भनिएको दिसानायके नेतृत्व वामपन्थी सत्ताको बाटो कस्तो हुन्छ, त्यो भने हेर्न बाँकी नै छ।

### नेपालको अस्थिरता, नेतृत्वले के बुझ्ने ?

केही हप्ताअघि पूर्वराजा ज्ञानेन्द्र शाहले भुटान भ्रमण गरे। उनको भुटान भ्रमण र त्यहाँ गरिएको स्वागत राष्ट्रिय राजनीतिमा चर्चाको विषय बन्यो । भुटानले ज्ञानेन्द्र शाहलाई राजासरहको सम्मान दिएपछि कतिपयले नेपालमा राजतन्त्रको उदयसँग जोड्न थालेका छन् ।केही दिनअघि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र पूर्वराजा ज्ञानेन्द्रबिच भेटवार्ता भएको भन्ने हल्ला चल्यो। अध्यक्ष प्रचण्ड र राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रबिचको भेटघाटलाई पनि त्यो प्रसङ्गसँग जोडियो । यद्यपि, प्रचण्डले भेटघाटको विषय झुटो भएको बताइसकेका छन्।

राज्यसत्ता परिवर्तनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको शीर्ष नेतृत्वसँग यस्ता प्रसङ्ग जोडिएर आउनुले मुलुक 'राजनीतिक सङ्कट' को डिलमा पुगेको सहजै अनुमान गर्न सकिन्छ । दुई दशकअघि ढलेको पुरानो सत्ता र त्यसको नेतृत्वसँग नेताहरूको नाम जोडिएर आउनु अर्थपूर्ण छ।उता, केही राजनीतिक दलले संघीयताको चर्को विरोध गर्दै आइरहेका छन् । संघीयता विरोधी स्वर अहिले झन् चर्किंदै गएको छ। संघीयताका कारण मुलुक थप ऋणमा डुब्दै गएको ती दलको आरोप छ।

# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सरकारको सक्रियता




काठमाण्डु । नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सक्रियता देखाएको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले पछिल्लो समय मानव बेचबिखन तथा ओसारपसरा पीडित/प्रभावित भएका ७७ जना महिलाको स्वदेश फिर्ती, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना गरेको जनाएको छ । यसैगरी मानव बेचबिखन (नियन्त्रण) ऐन, २०६४ संशोधन विधेयकको मस्यौदा मन्त्रिपरिषद्मा पेस गरेको सचिव दिनेश भट्टराईले जानकारी दिनुभयो । मन्त्रालयले मानव बेचबिखनविरुद्धको राष्ट्रिय नीति, २०८१ को मस्यौदासमेत तयार गरेको छ।

मानव बेचबिखन तथा ओसार पसार पीडित/प्रभावित महिला तथा बालबालिकाको उद्धार, संरक्षण, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन तथा केन्द्र व्यवस्थापनका लागि सिन्धुपाल्चोक, काठमाडौँ र सुर्खेतमा सञ्चालनमा रहेका तीनवटा पुनर्स्थापन केन्द्रलाई सञ्चालन तथा व्यवस्थापन खर्च शोधभर्ना भुक्तानीसमेत गरेको जनाइएको छ। आर्थिक वर्ष २०७१/०७२ देखि सञ्चालनमा रहेका यी केन्द्रबाट एक सय ४८ जनाले सेवा प्राप्त गरेको र चालु आवमा १८ जना महिला तथा किशोरीलाई सुरक्षित रूपमा पुनर्स्थापना केन्द्रबाट सेवा प्रवाह गरेको सचिव भट्टराईले जनाकारी दिनुभयो।

नेपालले मानव बेचबिखनलाई गम्भीर अपराधको रूपमा स्वीकार गरेको छ । यससम्बन्धी नेपालको विद्यमान 'कानुन मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४' ले मानव बेचबिखन तथा ओसारपसारलाई स्पष्ट परिभाषित गरेको छ। मन्त्रालयले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ सँगै वैदेशिक रोजगार ऐन २०६४, अध्यागमन ऐन २०४९, बाल श्रम (निषेध र नियन्त्रण) ऐन २०५६, श्रम ऐन २०७४, कानुनी सहायता ऐन २०५४ र पारस्परिक कानुनी सहायता ऐन २०१४ को प्रभावकारी कार्यान्वयनमा जोड दिँदै आएको सचिव भट्टराईको भनाइ छ।

यसैगरी मानव बेचबिखनसँग जोडिएका राहदानी ऐन २०७४, संगठित अपराध निवारण ऐन २०७०, मुलुकी अपराध संहिता, २०७४, संगठित अपराध निवारण ऐन २०७०, कसुरजन्य सम्पति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० लगाएतका कानुनको समेत प्रभावकारी कार्यान्वयन गर्न जोड दिइएको छ।

नेपालको संविधान २०७२ ले मानव बेचबिखनलाई एक गम्भीर अपराधको रुपमा पहिचान गर्दै त्यस विरुद्धका प्रावधानलाई मौलिक हक तथा राज्यका नीति अन्तर्गत राखिएको छ । माइती नेपालकी संस्थापक अध्यक्ष अनुराधा कोइरालाले मानव बेचबिखन रोक्नका लागि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ लाई संशोधन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।रासस

# युवा सङ्कल्प यात्रा कात्तिक २३ गतेदेखि

**नेपाली कांग्रेसका युवा नेताको संयोजनमा १० बुँदे एजेण्डासहित मेची-महाकाली "युवा सङ्कल्प यात्रा" सञ्चालन गरिने भएको छ ।यात्राबाट युवालाई लोकतन्त्र, विधिको शासन, युवा हकहित र जनअधिकारका पक्षमा ऐक्यबद्धता जनाउँदै समृद्ध नेपाल निर्माणमा उद्यमशील बन्न प्रेरित गर्ने अपेक्षा गरिएको छ ।**



काठमाण्डु । नेपाली कांग्रेसका युवा नेताको संयोजनमा १० बुँदे एजेण्डासहित मेची-महाकाली 'युवा सङ्कल्प यात्रा' सञ्चालन गरिने भएको छ ।यात्राबाट युवालाई लोकतन्त्र, विधिको शासन, युवा हकहित र जनअधिकारका पक्षमा ऐक्यबद्धता जनाउँदै समृद्ध नेपाल निर्माणमा उद्यमशील बन्न प्रेरित गर्ने अपेक्षा गरिएको छ।

सोमबार आयोजित पत्रकार सम्मेलनमा अभियानका संयोजक भूपेन्द्रजङ्ग शाहीले उद्यमशीलता नेपालको विकासका लागि अपरिहार्य रहेको जनाउँदै राजनीतिक उपलब्धिको संरक्षण युवाशक्तिको समुचित उपयोगबाट मात्र हुनसक्ने धारणा राख्नुभयो ।नेपाल तरुण दलका पूर्वमहामन्त्री शाहीले भन्नुभयो, "कांग्रेसले युवा उद्यमशीलता प्रवर्द्धनमात्र होइन, देशको अवस्था बदल्ने तागत राख्नुपर्छ। कृषिप्रधान देशमा कृषिको आधुनिकीकरणमार्फत लाखौँ युवालाई स्वदेशमै रोजगार बनाउन सकिन्छ।"

यात्राले युवालाई राजनीतिक आन्दोलनको मात्र नभएर आर्थिक विकासको पनि साझेदार बनाउने उद्देश्य लिएको जनाउँदै नेता शाहीले लोकतान्त्रिक मूल्य मान्यताको प्रवर्द्धन, दण्डहीनताको अन्त्य, भ्रष्टाचारको उन्मूलन, सुशासन, युवा उद्यमशीलताको प्रवर्द्धन र राष्ट्र निर्माणको नेतृत्व गर्न पनि अभियान सार्थक हुने धारणा राख्नुभयो । यही कात्तिक २३ गते मेचीनगरको काँकडभिट्टाबाट सुरु भई इटहरी, लहान, जनकपुर, लालबन्दी, वीरगञ्ज, भरतपुर, लमही, वीरेन्द्रनगर, कोहलपुर हुँदै यात्रा मङ्सिर ४ गते महाकाली पुगेर समापन हुनेछ ।अभियानमा खासगरी युवालाई रोजगारीको सुनिश्चितताका लागि पहलका साथै दबाब सिर्जना गर्ने, भ्रष्टाचार उन्मूलन र सुशासन पहल र खबरदारी गर्ने तथा महङ्गी र मूल्यवृद्धि नियन्त्रणको विषय प्रखर रूपमा उठाउने र समाधानको उपायसमेत देखाउने नेता शाहीले जानकारी दिनुभयो।

सहकारीपीडितलाई तत्काल राहत र बचत फिर्ता गराउन पहलकदमी लिने तथा विभिन्न संस्था तथा सहकारी ठगलाई कारबाही गर्न दबाब सिर्जना गर्ने सो अवसरमा वितरित प्रेस विज्ञप्तिमा उल्लेख छ ।उद्यमशीलता, नवप्रवर्तन र कृषिमा लगानीका लागि आवश्यक पहलसमेत सङ्कल्प यात्राले गर्ने उल्लेख गर्दै नेता शाहीले त्यसक्रममा युवाहरूलाई उद्यमशीलता, नवप्रवर्तन र कृषिमा उत्प्रेरित गरिने जानकारी दिनुभयो।

हरेक क्षेत्रमा युवाको अर्थपूर्ण प्रतिनिधित्व, नागरिकमैत्री सरकार तथा नागरिकलाई सहज जीवनयापनका लागि राहत तथा सहुलियतका लागि अग्रसरता लिइने पनि त्यस अवसरमा जानकारी दिइयो ।नेपाली कांग्रेसकै नेतृत्वमा नेपालको राजनीतिलाई नैतिक, सिद्धान्त प्रेरित र मूल्य, मान्यतामा आधारित बनाउन युवा सङ्कल्प यात्राले नेपालको राजनीतिलाई स्वच्छ, स्वस्थ र नैतिक मूल्य, मान्यतामा आधारित बनाउनका लागि पहल गर्ने पनि स्पष्ट गरिएको छ।

पार्टीका महासमिति सदस्य प्रेमीका रानाले युवा पुस्ताले नकारात्मक भाव बोकेर अरुको आलोचनामै समय खर्चने नभई समाजमा उठेका विषयवस्तुको समाधान र सफलताको सन्देश प्रवाह गर्न सक्नुपर्नेमा जोड दिनुभयो ।युवानेत्री तथा कलाकार राधिका हमालले देश बनाउन र नागरिकलाई सवल तुल्याउन सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्यले यात्रा कार्यक्रम अघि बढाइएको बताउनुभयो।

नेपाल तरुण दलका केन्द्रीय सदस्य पशुपति पोखेलले शैक्षिक योग्यताअनुसारको रोजगारी नपाएर भौतारिरहेका युवालाई देश निर्माणको अभियानमा जुटौँ भन्ने विषयलाई केन्द्रबिन्दुमा राखेर अभियान सञ्चालन गर्न लागिएको बताउनुभयो ।यात्रामा नेता शाहीसहित रञ्जित कर्ण, धर्मेन्द्र नेम्वाङ, प्रेमिका राना, नरेश यादव, शेख ओकिल, मेदनी सिटौला, चन्द्रादेवी जोशी, राधिका हमाल, उदिराम खड्का, लेलिया विश्वकर्मा, सुनिल थापा, विनोद खनाललगायत ४० जना केन्द्रीय प्रतिनिधिका रूपमा सहभागी हुनुहुनेछ ।रासस

# ऊर्जामन्त्री खड्का अन्तर्राष्ट्रिय सौर्य गठबन्धन सम्मेलनमा सहभागी




काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले भारतमा सुरु भएको अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आइएसए) सम्मेलनमा सहभागिता जनाउनुभएको छ। उहाँ भारतको राजधानी नयाँदिल्लीमा आइतबारदेखि सुरु भएको सातौँ गठबन्धन सम्मेलनमा सहभागी हुनुभएको हो।

मन्त्री खड्का उक्त सम्मेलनमा भाग लिन आइतबार नयाँदिल्ली प्रस्थान गर्नुभएको हो । सन् २०१५ मा फ्रान्सको पेरिसमा भएको संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्मेलन (कोप-२१) को २१औँ सत्रमा अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको घोषणा गरिएअनुसार उक्त गठबन्धनको सातौँ सम्मेलनमा मन्त्री खड्का सहभागी हुनुभएको विद्युत् विकास विभागका महानिर्देशक नविनराज सिंहले जानकारी दिनुभयो।

कोप-२१ सम्मेलनमा भाग लिएका करिब एक सय २० राष्ट्रका प्रमुखले सौर्य ऊर्जाको प्रवर्द्धनका लागि क्रियाशील गठबन्धनमा आफ्नो सहभागिता हुने प्रतिबद्धता जनाएका थिए। उक्त सम्मेलनमा विश्वभर ऊर्जा पहुँच बढाउन, ऊर्जा सुरक्षा सुनिश्चित गर्न र ऊर्जा विकासलाई निर्देशित गर्ने माध्यमको रुपमा सौर्य ऊर्जा प्रविधिको बढ्दो उपयोगबारे छलफल हुने महानिर्देशक सिंहले बताउनुभयो । अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको अध्यक्ष, सह-अध्यक्ष, महानिर्देशकलगायत पदसहितको नयाँ कार्यसमिति चयन गरिने छ।

सम्मेलनले जलवायु परिवर्तन कम गर्न नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिमा पेस गरेको दोस्रो राष्ट्रिय निर्धारित योगदान कार्यान्वयनमा सहयोग पुग्ने महानिर्देशक सिंहको भनाइ छ । सन् २०४५ सम्ममा कार्बन उत्सर्जन शून्यको लक्ष्य हासिल गर्ने नेपाल सरकारको प्रतिबद्धताअनुरुप सौर्यजस्ता स्वच्छ ऊर्जाको अधिकतम विकास एवं प्रवर्द्धनबाट स्वच्छ ऊर्जा सङ्क्रमण कार्यान्वयनमा सहयोग पुग्नेछ।

विद्युत्को माग र आपूर्तिबीचको सन्तुलन कायम गर्न सौर्य ऊर्जा विकासको माध्यमबाट ऊर्जा मिश्रणको सहायताले ऊर्जा सुरक्षा हासिल गर्न मद्दत पुग्ने बताइएको छ। सम्मेलनमा हरित विकास, जलवायु परिवर्तन र सौर्य ऊर्जा विकाससँग सम्बन्धित विश्वमा भएका सफल अभ्यास आदानप्रदान गरिनेछ।

उक्त सम्मेलनमा ऊर्जामन्त्री खड्काले भारतका ऊर्जामन्त्री एवं आइएसएका अध्यक्ष प्रल्हाद वेंकटेश जोशीसँग भेट्ने कार्यक्रमसमेत रहेको छ । भेटमा नेपालको नवीकरणीय ऊर्जा क्षेत्रको विकासका विविध विषयमा छलफल हुनेछ। आइएसएले हाल नेपालको राष्ट्रिय सौर्य ऊर्जा रोडम्याप, सौर्य ऊर्जामार्फत स्वास्थ्य, शिक्षा, पर्यटनको सम्भाव्यता खोजी, सौर्य सिँचाइलगायतका विभिन्न सात कार्यक्रममा सहयोग गर्नेछ।

उक्त सम्मेलनमा मन्त्री खड्कासँगै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रबल अधिकारी, विद्युत् विकास विभागका महानिर्देशक सिंह र मन्त्री खड्काका आर्थिक सल्लाहकार (अर्थ विज्ञ) अमित श्रेष्ठलेसमेत सहभागी हुनुहुन्छ ।रासस

# एयर एसियाको काठमाडौँ र भैरहवामा व्यावसायिक उडान सुरु




काठमाण्डु । थाई एयर एसियाले काठमाडौँमा पुनः उडान सुरु गरेको छ । उसले भैरहवास्थित गौतमबुद्ध अन्तरष्ट्रिय विमानस्थलबाट आइतबारदेखि व्यावसायिक उडान सुरु गरेको हो।

मुलुकको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलमा व्यावसायिक उडान गर्ने थाई एयर एसिया चौथो हवाईसेवा कम्पनी भएको छ । यसअघि कुवेतको जजीरा एयर, नेपालबाट अन्तर्राष्ट्रिय उडान गर्ने हिमालय एयरलाइन्स र राष्ट्रिय ध्वजावाहक (नेपाल एयरलाइन्स)ले व्यावसायिक उडान सञ्चालन गरेका थिए । उक्त विमानस्थलमा यही कात्तिक २४ गते शनिबारदेखि कुवेतको जजीरा एयरले पुनः उडान सञ्चालन गर्दैछ। यसअघि १० महिना उडान गरेर स्थगित गरेको एयरलाइन्सले पुनः सोही विमानस्थलमा उडान सुरु गर्न लागेको हो। जजिराले सातामा तीन दिन मङ्गलबार, बिहीबार र शनिबार उडान भर्नेछ।

यस्तै युनाइटेड अरब इमिरेटस् (युएई)को राष्ट्रिय ध्वजावाहक फ्लाई दुबईले यही कात्तिक २५ गतेदेखि दैनिक उडान गर्ने भएको छ । हप्ताको सातै दिन फ्लाई दुबईले दुबई-भैरहवा र भैरहवा-काठमाडौँ-दुबई उडान गर्न लागेको हो । अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि आवश्यक पर्ने अध्यागमन, भन्सार, सुरक्षालगायतका व्यवस्थापकीय काम दुरुस्त अवस्थामा रहेको विमानस्थलले जनाएको छ।

सरकारले राष्ट्रिय गौरवको आयोजना गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तरष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनका लागि कार्ययोजनासहित प्रक्रिया अगाडि बढाएको छ। सोही योजनाअनुरुप अन्तर्राष्ट्रिय एयरलाइन्सले धमाधम उडान सुरु गर्न लागेका हुन्।

नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता हंशराज पाण्डेका अनुसार गौतमबुद्ध अन्तरष्ट्रिय विमानस्थलमा क्रमशः अन्तर्राष्ट्रिय उडान विस्तातर हुदैँ गएको छ । विमानस्थललाई पूर्ण व्यावसायिक क्षमतामा सञ्चालन गर्न प्राधिकरण पनि लागिपरेको छ । सरकारको योजनाअनुरुप गौतमबुद्ध विमानस्थलमा बढीभन्दा बढी व्यावसायिक उडान सञ्चालन गर्न प्रयास जारी छ।

"उडानहरु क्रमशः थपिँदै गएका छन्। गन्तव्यहरु बढिरेहका छन् । आगामी दिनमा यात्रुको माग र चाप अनुसार अन्तर्राष्ट्रिय एयरलाइन्सले उडान विस्तार गर्ने विश्वास लिएका छौँ", प्रवक्ता पाण्डेले भन्नुभयो।

राष्ट्रिय गौरवको आयोजना गौतमबुद्ध अन्तरष्ट्रिय विमानस्थल २०७९ जेठ २ गते बुद्धपूर्णिमाको दिन उद्घाटन गरिएको थियो । उक्त विमानस्थलमा नेपाल एयरलाइन्सको वाइड वडी ए३३० विमानले परीक्षण उडान गरेको थियो । अघिल्लो वर्ष नेपाल एयरलाइन्सले मलेसियाको क्वालालम्पुरबाट भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा उडान सुरु गरेको थियो।

उडान अनुमति नलिई यही कात्तिक ११ गते काठमाडौँ आएको थाई एयर एसियाको विमानलाई नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले कारबाही गरेको थियो । भैरहवाबाट पनि उडान गर्ने शर्तमा प्राधिकरणले एयर एसियाको उडान फुकुवा गरेको थियो । उडान फुकुवाभएसँगै कम्पनीले यही कात्तिक १८ गते आइतबारदेखि काठमाडौँ र भैरहवामा एकसाथ उडान सञ्चालन गरेको हो । थाई एयर एसियाले गत असोज १६ गतेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पुनः उडान सुरु गरेको गरेको थियो।

थाई एयर एसियाले आइतबारदेखि भैरहवा र काठमाडौँमा एकसाथ उडान सञ्चालन गरेको त्रिभुवन अन्तरष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त एयरलाइन्सले काठमाडौँ गन्तव्यमा आइतबार, सोमबार, बुधबार र शुक्रबार उडान भर्नेछ । यस्तै भैरहवामा सोमबार र बिहीबार उडान भर्नेछ । प्राधिकरणका अनुसार आगामी शनिबारदेखि उक्त वायुसेवाले हरेक साता सोमबार र बिहीबार गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित उडान भर्नेछ।

थाई एयर एसियालाई काठमाडौँ र भैरहवा दुबै गन्तव्यबाट उडान भर्ने शर्तसहित प्राधिकरणले उडान अनुमति फुकुवा गरेको हो। कम्पनीले अब काठमाडौँमा चार र भैरहवामा दुई वटा उडान भर्नेछ । भैरहवाको उडान बन्द गरेमा काठमाडौँको उडान स्वतः रद्द हुने अवस्थासहित उडान फुकुवा गरिएको प्राधिकरणले जनाएको छ। 'एप्रुभल सेडुल' अनुसार कम्पनीले काठमाडौँ र भैरहवाकोसँगै उडान गर्नुपर्नेछ ।प्राधिकरणले कात्तिक ११ देखि अन्तर्राष्ट्रिय उडानको 'विन्टर सेड्युल' (२७ अक्टोबर २०२४ देखि ३१ मार्च २०२५) सम्मको उडान तालिका बनाएको छ । नेपालमा तीन नेपालीसहित ३० हवाई सेवा प्रदायक कम्पनीले अन्तर्राष्ट्रिय उडान भर्दै आएका छन् ।रासस


**Madhesh Province Government**

## Ministry of Education and Culture

**Janakpurdham, Dhanusha**

## Invitation for Bids for the The Procurement of Supply & Delivery Of Two Wheeler Vehicle

**Contract Identification No: MOEC/GOODS/NCB/2081-082/02**

**Date of publication: 05-11-2024**

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for The Procurement of Supply & Delivery Of Two Wheeler Vehicle (IFB No: MOEC/GOODS/NCB/2081-082/02). Bidding is open to all eligible Nepalese Bidders.
2. The Ministry of Education and culture invites electronic bids from eligible bidders for the procurement of The Procurement of Supply & Delivery Of Two Wheeler Vehicle under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may visit PPMO egp system website www.bolpatra.gov.np/egp.
4. Interested Bidders Shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

**Name of the Bank:** Rastriya Banijjya Bank Ltd. , Janakpurdham Dhanusha.
**Name of the Office:** Ministry of Education and culture
**Office Code no:** 3500017012
**Office Account no:** 1000100200010000
**Rajaswa (revenue) Shirshak no:** 14229

The amount of bid document fee and bid security must be:

| Package | Description | Bid Document Fee | Bid Security |
|---|---|---|---|
| I | 125 CC Motorcycle | 3000.00 | 37500 |
| II | 125 CC Scooter | 3000.00 | 12500 |

5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np. on or before 05-12-2024 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 05-12-2024 14:00 hours at the office of Ministry of Education and culture Janakpurdham, Dhanusha, Nepal Janakpur, Dhanusa Madhesh Pradesh Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security mentioned above which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days).
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date.
8. The Bid is in package and evaluation will be done in package.

# मोल्दोभामा राष्ट्रपतीय निर्वाचनमा सन्दुको जीत करिब सुनिश्चित

एएफपी

बुखारेस्ट । मोल्दोभाका वर्तमान राष्ट्रपति मइया सान्दुले ५४.१९ प्रतिशत मत प्राप्त गरी देशको राष्ट्रपतीय निर्वाचनमा अग्रता लिनुभएको छ।

मोल्दोभाको केन्द्रीय निर्वाचन आयोगले ९७.८ प्रतिशत मत गणना गर्दासम्म दोस्रो चरणको निर्वाचनबाट राष्ट्रपति सन्दुले ५४.१९ मतसहित अग्रता कायम गर्नुभएको छ भने राष्ट्रपतिका मुख्य दाबेदार पूर्व महान्यायाधिवक्ता अलेक्जेन्डर



स्टोयानोग्लो ४५.८१ प्रतिशत मत प्राप्त गर्नुभएको छ। मत परिणाम हेर्दा इयू निकट राष्ट्रपति सन्दुको बिजय करिब सुनिश्चत भएको छ, यद्यपि, मतगणना जारी छ।

निर्बाचनलाई इयू निकट उम्मेदवार सन्दु र रूस निकट स्टोयानोग्लाबीचको प्रतिस्पर्धालाई इयू र रूस दुबैले प्रतिष्ठाको बिषय बनाएका छन् ।आगामी चार वर्षे कार्यकालका लागि हुने निर्बाचनमा मतदानपछि राष्ट्रपति सन्दुले भन्नुभयो, "मैले मतदान गरेँ। मलाई विश्वास छ हाम्रा मतदाताले देशको लागि राम्रो मार्ग छनौट गर्नेछन्। अहिले पहिलेभन्दा अझ बढी एकताका साथ हामी देशको शान्ति र स्वतन्त्रताको पक्षमा उभिनुपर्छ।"

पार्टी अफ एक्सन एण्ड सोलिडारिटीको पूर्व नेताको रूपमा उहाँले पहिलो चरणको चुनावमा सबैभन्दा बढी ४२ प्रतिशत मत प्राप्त गर्नुभएको थियो भने मोल्दोभाको समाजवादी पार्टीद्वारा समर्थित स्टोयानोग्लोले करिब २६ प्रतिशत मत पाउन्भएको थियो। स्टोयानोग्लोले अपेक्षा गरिएभन्दा अत्यधिक बढी मत पाउनु भएको हो।

सन्दुले 'स्वतन्त्र, स्थिर, समृद्ध मोल्दोभा' प्रति आफ्नो प्रतिबद्धता व्यक्त गर्दै देशको युरोपेली सङ्घ (इयू) सँग एकीकरणको मार्गको लागि आफ्नो समर्थनमा जोड दिनुभयो। अक्टोबर २० मा भएको राष्ट्रपतीय चुनावपछि, मोल्दोभामा शीर्ष दुई उम्मेदवारबीच दोस्रो चरणको निर्वाचन भएको हो। पहिलो चरणमा राष्ट्रपतिपदको दौडमा रहेका ११ उम्मेदवारमध्ये कसैले पनि ५० प्रतिशत वा एक मतको रूपमा परिभाषित मतको पूर्ण बहुमत प्राप्त गर्न सकेका थिएनन्।

# इजरायलद्वारा युएनआरडब्लुएसँगको सम्बन्ध तोड्ने घोषणा

एएफपी

जेरुसेलम । इजरायलले प्यालेस्टिनी शरणार्थीको लागि सहयोग गर्ने गाजास्थित राष्ट्रसङ्घीय निकाय (युएनआरडब्लुए) सँग सम्बन्ध तोड्ने निर्णय औपचारिक रूपमा संयुक्त राष्ट्र सङ्घसमक्ष सोमबार पेश गरेको छ।

इजरायली विदेश मन्त्री इजरायल काट्जको निर्देशनमा, विदेश मन्त्रालयले इजरायल र यूएनआरडब्लुए बीचको सम्झौता रद्द भएको संयुक्त राष्ट्रलाई सूचित गरेको विदेश मन्त्रालयले एक विज्ञप्तिमार्फत जनाएको छ।

विदेश मन्त्री काट्जले युएनआरडब्लुएका कर्मचारीहरूले गत अक्टोबरको नरसंहारमा भाग लिएको दावी गर्दै उनीहरूलाई हमासका कार्यकर्ता तथा गाजा पट्टीको समस्याको हिस्साको रुपमा व्याख्या गर्नुभएको छ। यद्दपी कुनै प्रमाण भने पेस गरिएको छैन। इजरायली संसदले गत महिना इजरायल र पूर्वी जेरुसेलममा युएनआरडब्लुएलाई प्रतिवन्धित गर्ने प्रस्तावलाई अनुमोदन गरेको थियो। उक्त कार्यको इजरायलको सहयोगी अमेरिकासहित अन्तर ाष्ट्रिय समुदायद्वारा निन्दा भएको थियो।

# भारत कसरी चन्द्रमा र मङ्गल ग्रहमा कम खर्चमै पुग्न सक्छ

बीबीसी

काठमाण्डु । भारतले हालै विभिन्न महत्त्वाकाङ्क्षी अन्तरिक्ष परियोजनाहरू घोषणा गर्दै त्यसका लागि २२७ अर्ब भारतीय रुपैयाँ समेत छुट्याएको छ।उक्त योजनामा चन्द्रमामा अर्को चरणको ऐतिहासिक अन्तरिक्ष अभियान, शुक्र ग्रहको कक्ष परिक्रमा गर्ने यानको प्रक्षेपण, अन्तरिक्षमा भारतको छुट्टै स्टेशन निर्माणको पहिलो चरणको काम र भूउपग्रह प्रक्षेपणमा प्रयोग हुने गह्रुँगा सामान उठाउने रकेटलाई पुनः प्रयोग गर्न सकिने गरी विकास गर्ने लक्ष्य राखिएको छ।


योभारतकोअन्तरिक्षपरियोजनाहरूका लागि हालसम्मकै सबैभन्दा ठूलो एकमुस्ट बजेट हो। तर यी परियोजनाहरूको परिमाण र जटिलता हेर्दा यो खर्चिलोभन्दा पनि यस्ले निकै मितव्ययी अन्तरिक्ष कार्यक्रमको चरित्रलाई पुनः उजागर गरेको छ।विश्वभरका विज्ञहरूले भारतको अन्तरिक्ष अनुसन्धान संस्था (इसरो) ले चन्द्रमा, मङ्गल ग्रह र सौर्य मिसनहरूमा कम लागतमा परियोजनाहरू अघि बढाएको भनेर प्रशंसा गर्ने गरेको पाइन्छ।

**अन्तरिक्ष कार्यक्रम कसरी कम लागतमा सञ्चालन हुन्छ?**

भारतले मङ्गल ग्रहलाई परिक्रमा गर्ने मङ्गलयानका लागि ७ करोड ४० लाख डलर खर्च गरेको थियो। अघिल्लो वर्ष चन्द्रयान ३ का लागि ७ करोड ५० लाख डलर खर्च भएको थियो। त्यो भनेको १० करोड डलर लागतमा बनेको एउटा काल्पनिक अन्तरिक्ष अभियानमा आधारित हलिवुड चलचित्र 'ग्राभिटी' निर्माण गर्न लागेको खर्चभन्दा पनि कम हो।नासाको माभेन अर्बिटरका लागि ५८ करोड २० लाख अमेरिकी डलर खर्च भएको थियो। भारतको चन्द्रयान ३ चन्द्रमाको सतहमा अवतरण गर्नुभन्दा दुई दिनअघि त्यहाँ दुर्घटनाग्रस्त भएको रुसको लुना-२५का लागि मस्कोको १३ करोड ३० लाख डलर खर्च भएको थियो।

कम लागत लगाएर भएपनि वैज्ञानिहरू भन्छन् भारतले महत्त्वपूर्ण कामहरू गर्न उसको वास्तविक क्षमताभन्दा धेरै माथिको लक्ष्य राखेको छ। चन्द्रयान १ चन्द्रमाको माटोमा पानी रहेको पुष्टि गर्ने पहिलो मिशन थियो भने मङ्गलयानले मङ्गल ग्रहको वायुमण्डलमा मिथेनबारे अध्ययन गर्न विभिन्न यन्त्र र उपकरणहरुको 'पे लोड' लिएर गएको थियो। चन्द्रयान ३ ले पठाएको तस्बिर र तथ्याङ्कहरूलाई विश्वभरका अन्तरिक्षप्रेमीहरूले विशेष रुचिपूर्वक हेरिरहेका छन्।

उसो भए भारतले आफ्नो अन्तरिक्ष कार्यक्रम कसरी कम लागतमा गर्न सकिरहेको छ? झन्डै २ दशकभन्दा बढी समय इसरोको बजेटको जिम्मा लिएका अवकाशप्राप्त निजामती कर्मचारी शिशिरकुमार दास त्यसतो मीतव्ययिताबारे जान्न सन् १९६० को दशकमा फर्कनुपर्ने ठान्छन् जुन बेला वैज्ञानिकहरूले पहिलो



पटक अन्तरिक्ष कार्यक्रमको प्रस्ताव सरकारसँग राखेका थिए।भारतले ब्रिटेनको उपनिवेशवादी शासनबाट सन् १९४७ मा मात्रै स्वतन्त्रता पाएको थियो र त्यसबेला उसले देशको जनसंख्यालाई खानेकुरा उपलब्ध गराउन र पर्याप्त सङ्ख्यामा विद्यालय र अस्पतालहरू बनाउन नै सङ्घर्ष गरिरहेको थियो।

"इसरोका संस्थापक तथा वैज्ञानिक विक्रम साराभाईले सरकारलाई अन्तरिक्ष कार्यक्रम भारत जस्तो गरिब देशका लागि एउटा अत्याधुनिक विलासीता होइन भन्नेमा विश्वस्त तुल्याउनुपरेको थियो। उनले भारतलाई भूउपग्रहहरूले आफ्ना नागरिकहरूलाई राम्रोसँग सेवा दिन सहयोग पुर्याउने कुरा बताएका थिए," दासले बीबीसीसँग भने।

तर भारतको अन्तरिक्ष कार्यक्रमले परस्पर विरोधी आवश्यकता र मागका बीच बजेटको कडा सीमाभित्र रहेर काम गर्नुपरेको थियो। सन् १९६० र सन् १९७० को दशकका तस्बिरहरूमा भारतीय वैज्ञानिकहरूले रकेट र भूउपग्रहरू साइकल वा गोरुगाडामा बोकेर लगिरहेको देख्न सकिन्छ।दशकौँपछि र कैयौँ सफल अन्तरिक्ष मिसनहरूको उपलब्धिका माझ, इसरोको बजेट प्रकृति सामान्य नै छ। यो वर्ष भारतले अन्तरिक्ष कार्यक्रमलाई छुट्याएको बजेट १३० अर्ब भारू (१.५५ अर्ब डलर) छ। अमेरिकी अन्तरिक्ष अभियान नासाको वार्षिक बजेट भने २५ अर्ब डलर छ। इसरोका मिसनहरूको लागत कम हुनुको कारण उसका सबै प्रविधिहरू स्वदेशी रहनु र उपकरणहरू भारतमा निर्माण हुनु रहेको दास बताउँछन्।

सन् १९७४ मा दिल्लीले पहिलो परमाणु परीक्षण गरेपछि पश्चिमा देशहरूले भारतविरूद्ध नाकाबन्दी लगाएका थिए। त्यसबेला प्रविधि हस्तान्तरणमा लगाइएको प्रतिबन्ध भारतको अन्तरिक्ष कार्यक्रमलाई नसोचेको बरदान बन्न पुग्यो। "हाम्रा वैज्ञानिकहरूले यसलाई आफ्नै प्रविधि विकास गर्ने एउटा प्रेरणाका रुपमा लिए। उनीहरूलाई चाहिने सबै उपकरणहरू स्थानीय तवरबाटै उत्पादन गरिए र त्यसका लागि दिनुपर्ने तलब र श्रमको मूल्य अमेरिका वा युरोपभन्दा यहाँ कम नै रह्यो।"

**भारतीय वैज्ञानिकहरू कस्तो उपाय अपनाउछन ?**

बिज्ञान लेखक पल्लभ बाग्ला इसरोभन्दा फरक नासाले भूउपग्रहको उत्पादन बाहिरका कम्पनीहरूबाट गराउने बताउँछन्। उनका अनुसार उसले आफ्नो मिसनहरूको बिमा पनि गराउँछ जसले लागत बढाउँछ।

"नासाले जस्तो भारतले मुख्य प्रक्षेपण अघि परिक्षणका लागि गरिने इन्जिनियरिङ मोडेलहरू गर्दैन। हामी एउटै नमुना बनाउँछौँ, जुन उडाउनकै लागि हुन्छ। यो जोखिमपूर्ण हो र यसमा दुर्घटनाको सम्भावना हुन्छ। तर हामी त्यो जोखिम उठाउँनसक्छौँ किनकी यो सरकारी कार्यक्रम हो।"भारतको पहिलो र दोस्रो चन्द्रमा मिसन र मंगल मिसनका प्रमुख मयलस्वामी अन्नादुराईले बीबीसीसँग कुरा गर्दै इसरोले नासाको दाँजोमा निकै कम मानिसहरूलाई काममा लगाउने गरेको र उस्को दाँजोमा तलब पनि कम दिने गरेको बताए।

उनले आफूले ' १० जना भन्दा थोरै प्रतिबद्ध कर्मचारीहरू संलग्न ससाना टोलीहरूको नेतृत्व गरेको' उल्लेख गर्दै निर्धारित कार्यलय समयभन्दा बढी काम गर्दा पनि अधिकांश अवस्थामा त्यसबापत ओभरटाइम भनेर अतिरिक्त भुक्तानी नलिइएको बताए। कर्मचारीहरूले देखाएका आफ्नो कामप्रतिको बेजोड लगावका कारण त्यो सम्भव भएको उनको भनाइ छ।उनले बजेटको सिमितताले आफूहरूलाई विभिन्न विकल्पहरूमा सोच्न बाध्य बनाएको र त्यसका कारण नयाँ आविस्कारहरू पनि भएको बताए।

> भारतले मङ्गल ग्रहलाई परिक्रमा गर्ने मङ्गलयानका लागि ७ करोड ४० लाख डलर खर्च गरेको थियो।
> अघिल्लो वर्ष चन्द्रयान ३ का लागि ७ करोड ५० लाख डलर खर्च भएको थियो। त्यो भनेको १० करोड डलर लागतमा बनेको एउटा काल्पनिक अन्तरिक्ष अभियानमा आधारित हलिवुड चलचित्र "ग्राभिटी" निर्माण गर्न लागेको खर्चभन्दा पनि कम हो।नासाको माभेन अर्बिटरका लागि ५८ करोड २० लाख अमेरिकी डलर खर्च भएको थियो।

"चन्द्रयान-१ का लागि ८ करोड ९० लाख भारू छुट्याइएको थियो र सुरुको ढाँचालाई मूर्त रुप दिन त्यो ठिक थियो। तर पछि अन्तरिक्षयानले चन्द्रामामा परेको प्रभावको जाँच गर्ने भनियो जसको अर्थ ३५ केजी थप्नुपर्ने भयो।" वैज्ञानिकहरूसँग दुईवटा विकल्प थियो। उक्त अभियान सञ्चालन गर्न भारी रकेटको प्रयोग गर्ने जसको लागत बढी पर्थ्यो। अर्को विकल्प भनेको तौल कम गर्न कतिपय पाटपूर्जा हटाउनु रहेको थियो। "हामीले दोस्रो विकल्प छान्यौँ। हामीले रकेटलाई धकेल्ने थ्रस्टरहरूको संख्या १६ बाट ८ मा झार्यौँ। प्रेशर ट्याङ्क र ब्याट्रीहरूको संख्या २ बाट एक बनाइयो।"ब्याट्रीको संख्या घटाउनुको अर्थ उक्त प्रक्षेपण सन् २००८ को अन्त्य अघि नै हुनु पर्थ्यो।

"त्यसले अन्तरिक्षयानलाई लामो सूर्यग्रहणको प्रभाव नबेहोरिकनै चन्द्रमाको परिक्रमा गर्न दुई वर्ष को समय दिन्थ्यो। लामो अवधीको सूर्यग्रहणले ब्याट्री चार्ज गर्ने क्षमतामा प्रभाव पार्थ्यो। त्यही भएर हामीले निर्धारित समयसीमाभित्रै प्रक्षेपणको काम सक्न कडा समय तालिका बनाएर काम गर्नु पर्‍यो।" मंङ्गलयानको लागत निक्कै कम रहेको बताउँदै अन्नादुराई भन्छन्, "किनभने हामीले दोस्रो चन्द्रमा अभियानमा विलम्ब भएपछि चन्द्रयान-२ का लागि डिजाइन गरिएका अधिकांश हार्डवेयरहरूको प्रयोग गर्‍यौँ।

बाग्ला भारतको अन्तरिक्ष कार्यक्रम यत्ति थोरै बजेटमा सञ्चालित हुनु 'ठूलो उपलब्धि भएको' बताउँछन्। तर भारतले अन्तरिक्षमा गतिविधिहरू बढाउँदा उक्त लागत वृद्धि हुनसक्ने ठानिन्छ।

उनका अनुसार अहिले भारतले सानो रकेट लन्चरहरूको प्रयोग गर्छ किनभने उनीहरूसँग शक्तिशाली खालको लन्चर छैन। तर त्यसको अर्थ भारतको अन्तरीक्षयानलाई आफ्नो गन्तव्यमा पुग्न धेरै समय लाग्छ।त्यही भएर जब चन्द्रयान-३ प्रक्षेपण गरियो, त्यसले पृथ्वीको परिक्रमा धेरै पटक गरेपछि मात्रै चन्द्रमाको कक्षमा हुत्त्याएर पठाइएको थियो। चन्द्र सतहमा अवतरण गर्नुअघि उसले चन्द्रमामा पनि केही पटक परिक्रमा गरेको थियो। अर्कोतर्फ रुसको लुना-२५ ले शक्तिशाली सोयुज रकेटको साथ पाएकाले उस्ले छिटै पृथ्वीको गुरुत्वाकर्षण बलबाट उम्कन सकेको थियो।

"हामीले पृथ्वी माताको गुरुत्वाकर्षण प्रयोग गरेर बिस्तारै आफूलाई चन्द्रमामा पुर्‍यायौँ। हामीलाई हप्तौँ लाग्यो र ज्यादै मिहिन योजना बनाउनुपर्‍यो। इसरो यसमा निपुण छ र उसले यस्तो धेरै पटक सफलतापूर्वक गरिसकेको छ।"तर बाग्ला भन्छन् भारतले सन् २०४० सम्ममा मानिससहितको अन्तरिक्षयान चन्द्रमामा पठाउने योजना घोषणा गरेको छ। त्यहाँ द्रुत ढङ्गले अन्तरिक्षयात्रीहरू पठाउन उसलाई थप शक्तिशाली रकेटको आवश्यकता पर्छ।

सरकारले हालै यो नयाँ रकेटका लागि कामको अनुमोदन भइसकेको बताउँदै सन् २०३२ सम्ममा त्यो रकेट तयार हुने जनाएको थियो।

यो नेक्स्ट जेनेरेशन लन्च भेहिकलले बढी तौल बोक्न सक्छ साथै यसको मूल्य पनि धेरै हुन्छ। पल्लव बाग्ला भारतले अन्तरिक्ष क्षेत्रमा निजी क्षेत्रलाई पनि खुला गर्ने प्रक्रिया थालेको छ। र त्यस्तो हुनपुगेको खण्डमा लागत अहिलेकै जस्तो न्यून रहिरहन सक्ने सम्भावना रहँदैन।

# अमेरिकाले बी-५२ बमवर्षक विमान तैनाथ गरेकोमा इरानको आपत्ति

एएफपी

तेहरान । इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माईल बघाईले इरानमा बी-५२ बमवर्षक विमान तैनाथ गरिएपछि अमेरिकाको आलोचना गर्नुभएको छ।

"यस क्षेत्रमा अमेरिकाको उपस्थिति अस्थिर उपस्थिति भएको हाम्रो बुझाई रहेको छ," बाघाईले एक पत्रकार सम्मेलनमा भन्नुभयो। "यसले आफ्नो रक्षा गर्ने (इरानको) सङ्कल्पलाई रोक्न सक्दैन," उहाँले भन्नुभयो। अमेरिकी सेनाले शनिबार मध्यपूर्वमा बी-५२ बमवर्षक विमान तैनाथ गरिने चेतावनी इरानलाई दिएको छ।

अक्टोबर १ मा इरानले गरेको क्षेप्यास्त्र आक्रमणको बदलामा इजरायलले इरानसमर्थित लडाकू नेता र रिभोल्युसनरी गार्डका कमाण्डरको हत्या गरेको थियो भने यसको बदलामा पुनः इजरायलले इरानविरूद्ध आक्रमण गरेको थियो। उक्त आक्रमणमा परी कम्तीमा चार सैनिकको मृत्यु हुनुका साथै केही राडार प्रणालीमा 'सीमित क्षति' पुगेको अधिकारीहरूले बताएका छन्। इरानी सञ्चारमाध्यमले पनि एक जना सर्वसाधारणको मृत्यु भएको जनाएका छन् ।बघाईले इरानको प्रतिक्रिया 'निश्चित र निर्णायक' हुने बताउनुभएको छ।



इरानसमर्थित हमास र हिजबुल्लाह सशस्त्र समूहसँग इजरायल युद्धरत गाजा र लेबनानमा युद्धविरामका लागि दबाब दिन इरानले 'सबै पहल र प्रयास'लाई समर्थन गरेको उहाँले बताउनुभयो। इजरायलले अक्टोबर २६ मा इरानको प्रतिरक्षा क्षमता र क्षेप्यास्त्र उत्पादनलाई लक्षित गरी आक्रमण गरेको बताएको थियो।सोमबार इरानका राष्ट्रपति मसूद पेजेशकियानले इरानसँग क्षेप्यास्त्र रहेको भन्दै इजरायलले हामीमाथि आक्रमण गर्ने आँट नगर्ने बताउनुभएको थियो। पत्रकार सम्मेलनमा बघाईले इरानले आणविक सिद्धान्त परिवर्तन नगर्ने र आणविक अस्त्रको अनुसरण नगर्ने आधिकारिक अडान यथावत रहेको बताउनुभयो। इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीको हालैको सम्बोधनलाई उद्धृत गर्दै बघाईले इस्लामिक गणतन्त्र इरान आफ्नो रक्षाका लागि आवश्यक सबै कुराबाट सुसज्जित हुने बताउनुभएको थियो।

# टोरन्टो नजिकैको हिन्दू मन्दिरमा भएको हिंसाको प्रधानमन्त्री ट्रुडोद्वारा निन्दा

एएफपी

टोरोन्टो । क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले आइतबार टोरन्टो नजिकैको एक हिन्दू मन्दिरमा भएको हिंसालाई 'अस्वीकार्य' भन्दै निन्दा गर्नुभएको छ।

टोरन्टोबाट करिब ५० किलोमिटर उत्तरपश्चिममा रहेको ब्राम्पटन सहरका स्थानीयको प्रदर्शनका क्रममा शान्ति कायम गर्न हिन्दू सभा मन्दिर बाहिर ठूलो सङ्ख्यामा सुरक्षाकर्मी तैनाथ गरिएको बताएका छन् ।पील रिजनल पुलिसका प्रवक्ताका अनुसार अहिलेसम्म हिंसात्मक कार्यमा सहभागी भएका कसैलाई पनि पक्राउ गरिएको छैन ।प्रहरीले हिंसामा कुनै समूहको संलग्नता रहेको किटानीसाथ आरोप लगाउन अस्वीकार गरेको छ।

"ब्रैम्पटनस्थित हिन्दू सभा मन्दिरमा आज भएको हिंसात्मक कार्य अस्वीकार्य छ। प्रत्येक क्यानेडियालीलाई आफ्नो विश्वासलाई स्वतन्त्र र सुरक्षित रूपमा अभ्यास गर्ने अधिकार छ," ट्रुडोले एक्समा लेख्नुभएको छ। एक संघीय सांसद तथा ट्रुडोको लिबरल पार्टीका सदस्य चन्द्र आर्याले भारतको पञ्जाब राज्यमा स्वतन्त्र सिख मातृभूमिका लागि पृथकतावादी आन्दोलनका समर्थकहरूलाई सङ्केत गर्दै 'खालिस्तानी'लाई यो घटनाका लागि जिम्मेवार ठहराउनु भएको छ।




ओटावाले सन् २०२३ मा भ्यानकुभरमा ४५ वर्षीय अङ्गीकृत क्यानेडियाली नागरिक हरदीप सिंह निज्जरको हत्यामा भारत सरकारले षडयन्त्र गरेको आरोप लगाएपछि क्यानडा र भारतबीचको सम्बन्धमा खटपट आएको छ ।निज्जरको हत्यापछि क्यानडाले भारतमाथि क्यानडाको भूमिमा सिख कार्यकर्ताहरूलाई लक्षित गरी व्यापक अभियान चलाएको आरोप लगाएको छ। "क्यानडाका खालिस्तानी अतिवादीहरूले आज सुरक्षाको सीमा पार गरेका छन्," आर्याले एक्समा लेख्नुभएको छ।

"ब्राम्पटनस्थित हिन्दू सभा मन्दिर परिसरभित्र क्यानेडियाली हिन्दू भक्तजनमाथि खालिस्तानीहरूले गरेको आक्रमणले क्यानाडामा खालिस्तानी हिंसात्मक अतिवाद कति गहिरो र निर्लज्ज भएको छ भन्ने देखाउँछ," उहाँले भन्नुभयो। सामाजिक सञ्जालमा भाइरल भएको भिडियोमा 'खालिस्तानको पहेँलो झण्डा बोकेका व्यक्तिहरू भारतीय झण्डा बोकेका व्यक्तिसहित एक प्रतिद्वन्द्वी समूहसँग भिडन्त गरिरहेको देखिन्छ'।

ट्रुडोले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारले क्यानडाको सार्वभौमिकताको उल्लङ्घन गरेको आरोप लगाउनुभएको छ। भारतले उक्त आरोप अस्वीकार गर्दै आएको छ ।दिल्ली र ओटावाले यसै महिनाको सुरुमा एकअर्काका राजदूत र अन्य वरिष्ठ कूटनीतिज्ञलाई निष्कासन गरेका थिए।

# चिलिमे–त्रिशूली प्रसारण लाइन निर्माण सम्पन्न



काठमाण्डु । त्रिशूली नदी र त्यसका सहायक खोलामा निर्माणाधीन तथा निर्माण हुने जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रणालीमा प्रवाह गर्न महत्वपूर्ण मानिएको चिलिमे-त्रिशूली २२० केभी प्रसारण लाइनको निर्माण सम्पन्न भएको छ।

रसुवाका आमाछोदिङमो गाउँपालिका थम्बुचेतस्थित चिलिमे हब सबस्टेसनदेखि नुवाकोटको किस्पाङ गाउँपालिकाको पहिरेबेँसीस्थित त्रिशूली थ्री बी हब सबस्टेसनसम्मको २८ किलोमिटर प्रसारण लाइन निर्माण सम्पन्न भएको हो। दसैँ र तिहारको सार्वजनिक बिदामा समेत कर्मचारी, निर्माण व्यवसायी अहोरात्र खटेर प्रसारण लाइन निर्माण सम्पन्न गरिएको नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिनुभयो।

कार्यकारी निर्देशक घिसिङले प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत्को अगुवाइमा निर्माण भएका एक सय ११ मेगावाटका रसुवागढी र ४२ दशमलव पाँच मेगावाटको साञ्जेनसहित रसुवामा निर्माणाधीन तथा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् प्रवाहका लागि प्रसारण लाइन पूर्वाधार तयार भएको उल्लेख गर्नुभयो। रसुवागढी र साञ्जेन आयोजना निर्माण सम्पन्न भई विद्युत् उत्पादनको चरणमा छन्।

"भौगोलिक रुपमा अत्यन्तै जोखिमयुक्त र कठिन हिमाली क्षेत्रमा टावर बनाउनुपर्ने, भीरैभीर रहेको र सडक पनि नभएकाले ढुङ्गागिट्टी, बालुवा, टावरका सामान, पानी मानिस या खच्चरबाट बोकाएर लैजानुपर्ने अवस्था थियो", उहाँले भन्नुभयो,त "बाढीपहिरो, वन क्षेत्रको जग्गा प्रयोगको समस्या, स्थानीयको अवरोध, कोभिड-१९, निर्माणस्थल हिमाली र पहाडी क्षेत्रमा पर्ने भएकाले लाइन निर्माणमा मौसमको पनि प्रतिकूल प्रभावजस्ता कारणले समस्यामा परेको आयोजना निरन्तरको प्रयासपछि निर्माण सम्पन्न हुन ठूलो उपलब्धि हो।"

उत्तरतर्फको छिमेकी देश चीनसँगको विद्युत् व्यापारका लागि चिलिमे-केरुङ अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न लागिएको छ। चिलिमे-त्रिशूली प्रसारण लाइनले नै चीनलाई जोड्ने छ। चिलिमे-त्रिशूली २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गतनै २२०/१३२/३३ केभीका चिलिमे हब र त्रिशूली थ्री बी हब सबस्टेसन निर्माण सम्पन्न भइसकेका छन्। त्रिशूली थ्रि बी हब सबस्टेसनमा आएको विद्युत् काठमाडौंको मातातीर्थसम्मको त्रिशूली-काठमाडौं २२० केभी प्रसारण लाइनहुँदै राष्ट्रिय प्रणालीमा समाहित हुनेछ। साञ्जेन र रसुवागढी जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् चिलिमे हब सबस्टेसनमा जोडी चिलिमे-त्रिशूली प्रसारण लाइन हुँदा राष्ट्रिय प्रणालीमा समाहित हुनेछ।

प्रसारण लाइनका लागि ७६ वटा टावर निर्माण गरिएका छन्। प्रसारण लाइन समुद्री सतहबाट ६८० देखि २६०० मि सम्मपर्ने भूभागमा निर्माण गरिएको छ। कूल ३३ वटा टावर पहुँच सडक नै नभएका ठाउँमा निर्माण गर्नुपर्ने अवस्था थियो। उक्त स्थानसम्म पुग्न छुट्टै पहुँच सडक निर्माण गरिएको छ। आयोजनाले लाइन निर्माणका लागि २० किलोमिटरभन्दा बढी पहुँच सडक निर्माण गरेको प्राधिकरणको उच्च भोल्टेज ग्रीड विभागका निर्देशक थर्कबहादुर थापाले बताउनुभयो। निर्देशक थापाले खच्चर र मानिसबाट निर्माण सामग्री र उपकरण ढुवानी गरी नौ वटा हेलिकप्टरबाट निर्माण सामग्री ढुवानी गरी दुई वटा टावर निर्माण गरिएको उल्लेख गर्नुभयो। उत्तरगया गाउँपालिका-१ तिरुबाट सोही वडाको सिरुचेतसम्म एक हजार दुई सय ३५ मि लम्बाइमा तार तानिएको छ। मैलुङखोलामाथिपर्ने उक्त खण्ड (मैलुङ क्रसिङ) मा ड्रोनको प्रयोग गरी तार तानिएको थियो।

प्रसारण लाइन अन्तर्गत चिलिमे-मैलुङ खण्ड २० किलोमिटर डबल सर्किट र मैलुङ-त्रिशूली थ्री बी हबसम्म आठ किलोमिटर चार (मल्टी) सर्किट लाइन निर्माण गरिएको छ। कोरियन कम्पनीको अगुवाइमा निर्माणाधीन २१६ मेगावाटको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको विद्युत् जोड्नका लागि मल्टी सर्किट लाइन बनाउन लागिएको हो। माथिल्लो त्रिशूली-१ ले मल्टी सर्किट लाइन बनाउँदा भएको खर्चको ६० प्रतिशत रकम बेहोर्ने छ।

अनुमानित लागत तीन अर्ब ६२ करोड ८९ लाख अमेरिकी डलर रहेको चिलिमे-त्रिशूली आयोजनामा नेपाल सरकार तथा नेपाल विद्युत् प्राधिकरणको लगानी र जर्मन विकास बैंक (केएफडब्लू)को अनुदान रहेको छ। युरोपेली युनियनले स्थापना गरेको युरोपेली लगानी बैंक (इआइबी)को आयोजनामा सहुलितपूर्ण ऋण रहेको छ। प्रसारण लाइन र सबस्टेसन निर्माणका लागि चिनियाँ कम्पनी पिङगाओ ग्रुप अफ कम्पनीजसँग २०७४ को कात्तिकमा ठेक्का सम्झौता भएको थियो। ठेक्का सम्झौता २०७४ साल पुसमा कार्यान्वयनमा आएको थियो।रासस

# बाँदरले दुःख दिएपछि कृषक कफीखेतीमा आकर्षित



दमौली । तनहुँको शुक्लागण्डकी नगरपालिका-१२ लिलाचोकमा कफीको नर्सरी स्थापना गरिएको छ। बाँझो रहेका जमिनलाई उत्पादनसँग जोड्न कफीखेती गर्ने अभियानसहित कृषि सहकारी संस्थाले यहाँ कफीको नर्सरी स्थापना गरेको हो।

शुक्लागण्डकी नगरपालिका र राष्ट्रिय चिया तथा कफी विकास बोर्डसँगको सहकार्यमा दश हजार कफीको बिरुवा उत्पादन भइरहेको सहकारीका अध्यक्ष मनराज गुरुङले राससलाई जानकारी दिनुभयो। युवापुस्तामा कफीप्रति अत्यधिक आकर्षण रहेकाले बजारको माग सम्बोधनका लागि यहाँ कफी उत्पादन गर्ने लक्ष्य राखिएको गुरुङले बताउनुभयो। उहाँले भन्नुभयो, "युवा पुस्तामा कफीको आकर्षण बढ्दो छ। आफ्नै माटोमा जीवन देख्नुपर्छ भन्ने सोच बोकेका कृषकलाई कफीका बिरुवा वितरण गर्छौं।"

किसानले उत्पादन गरेको कफी बिक्रीका लागि बजारीकरणको व्यवस्थासमेत सहकारीले गरिदिने उहाँको भनाइ छ। "हामी कफीका बिरुवा मात्रै वितरण गर्दैनौं, कफी उत्पादन भएपछि बिक्रीको जिम्मा समेत लिन्छौं," उहाँले भन्नुभयो, "एक किलो होस् वा एक सय किलो बिक्री भएपछि बजारको चिन्ता लिनु पर्दैन।" गुरुङले सबैभन्दा चाँडो उत्पादन लिन सकिने र बाँदरबाट कम क्षति हुने कफीखेतीलाई प्रोत्साहन गरिएको बताउनुभयो।

शुक्लागण्डकी नगरपालिकाभित्र बाँझो रहेका जमिनको सदुपयोग गर्न र बसाइसराइँ रोक्दै आयआर्जनमा जोड्ने उद्देश्यसहित कफीखेती अभियान थालिएको शुक्लागण्डकी नगरपालिकाका कृषि शाखा प्रमुख नवराज पण्डितले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यहाँ उत्पादन हुने कफीले युवाहरुको कफीप्रतिको मोहलाई सम्बोधन गर्न सक्नेछ।"

नगरपालिकाले गत वर्ष पाँच हजार कफीका बिरुवा वितरण गरेको थियो। यस वर्ष दश हजार बिरुवा वितरण गरिनेछ। बाँझो जमिनको उपयोग गर्दै उत्पादनसँग जोड्ने उद्देश्यले शुक्लागण्डकी नगरपालिकाको चालु आर्थिक वर्षमा रहेको युवासँग उपप्रमुख कार्यक्रममार्फत शुक्लागण्डकीमा उत्पादन केन्द्रित अभियान सञ्चालन गरिएको हो।

शुक्लागण्डकीको आठ सय मिटरदेखि एक हजार चार सय मिटर उचाइसम्मको पाखो जमिनमा कफीको व्यावसायिक खेतीको सम्भावना रहेकाले किसानलाई कफीखेतीतर्फ प्रोत्साहन गरिएको पण्डितको भनाइ छ। यस अगाडि किसानले उत्पादन गरेका कफी कास्की, स्याङ्जालगायत जिल्लामा बिक्रीवितरण गरिएकामा आगामी वर्षदेखि कृषि बहुउद्देश्यीय सहकारी संस्थासँगको समन्वयमा किसानको उत्पादनलाई उचित मूल्यमा बजारीकरण गरिने उहाँको भनाइ छ।

बाँदर लगायतको वन्यजन्तुबाट कम क्षति हुने र पाखो बाँझो जमिनमा कफीखेतीको राम्रो सम्भावना रहेको हुँदा आगामी वर्ष दोब्बर बिरुवा वितरण गर्नेगरी तयारी गरिएको छ।रासस

# यस्तो छ विदेशी मुद्राको विनिमय दर

काठमाण्डु। नेपाल राष्ट्र बैंकले सोमबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ २३ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ८३ पैसा कायम भएको छ। युरोपियन युरो एकको खरिददर एक सय ४५ रुपैयाँ ४३ पैसा र बिक्रीदर एक सय ४६ रुपैयाँ ८ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर एक सय ७३ रुपैयाँ ५३ र बिक्रीदर एक सय ७४ रुपैयाँ ३० पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५४ रुपैयाँ २८ पैसा र बिक्रीदर एक सय ५४ रुपैयाँ ९७ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८८ रुपैयाँ ५ पैसा र बिक्रीदर ८८ रुपैयाँ ४५ पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ २० पैसा र बिक्रीदर ९६ रुपैयाँ ६३ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय एक एक रुपैयाँ २३ पैसा र बिक्रीदर एक सय एक रुपैयाँ ६९ पैसा निर्धारण गरिएको छ। जापानी येन १० को खरिददर आठ रुपैयाँ ७७ पैसा र बिक्रीदर आठ रुपैयाँ ८१ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ८५ पैसा र बिक्रीदर १८ रुपैयाँ ९३ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ७४ पैसा र बिक्रीदर ३५ रुपैयाँ ९० पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ८२ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९८९ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर तीन रुपैयाँ ९५ पैसा र बिक्रीदर ३ रुपैयाँ ९७ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ५५ पैसा र बिक्रीदर ३६ रुपैयाँ ७१ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ६६ पैसा र बिक्रीदर ३० रुपैयाँ ७९ पैसा, साउथ कोरियन वन एक सयको खरिददर ९ रुपैयाँ ७२ पैसा र बिक्रीदर ९ रुपैयाँ ७७ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ४९ पैसा र बिक्रीदर १२ रुपैयाँ ५४ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ५० पैसा र बिक्रीदर १९ रुपैयाँ ५९ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ २६ पैसा र बिक्रीदर १७ रुपैयाँ ३४ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३७ रुपैयाँ ६७ पैसा र बिक्रीदर चार सय ३९ रुपैयाँ ६५ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५६ रुपैयाँ २ पैसा र बिक्रीदर तीन सय ५७ रुपैयाँ ६२ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ। राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ।रासस




## Mithila Laghubitta Bittya Sanstha Limited

"D" Class Financial Institution with Madhesh Province Licensed by Nepal Rastra Bank

### Dhalkewar, Dhanusa

## UNAUDITED FINANCIAL RESULTS (Quarterly)

As at First Quarter of the fiscal year 2081/082 (30/06/2081) (000' figure)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | Total Capital and Liabilities | 3155394.13 | 3045562.43 | 2,726,396.52 |
| 1.1 | Paid up Capital | 196,002.76 | 196,002.76 | 196,002.76 |
| 1.2 | Proposed bonus share | | | |
| 1.3 | Reserve and surplus | 152,869.69 | 127,841.01 | 122,361.35 |
| 1.4 | Debenture & Bond | | | |
| 1.5 | Borrowings | 1,573,703.53 | 1,518,955.48 | 1,347,989.71 |
| 1.6 | Deposits (a+b) | 1,061,707.81 | 1,042,657.56 | 905,889.53 |
| | a. Domestic Currency | 1,061,707.81 | 1,042,657.56 | 905,889.53 |
| | b. Foreign Currency | | | |
| 1.7 | Income Tax Liability | 4,332.56 | 2,0376.79 | 3,190.44 |
| 1.8 | Other Liabilities | 166,777.78 | 139,728.84 | 150,962.73 |
| 2 | Total Assets | 3155394.13 | 3045562.43 | 2,726,396.52 |
| 2.1 | Cash and Bank Balance | 286,552.68 | 182,893.79 | 140,027.89 |
| 2.2 | Money at Call and Short Notice | 4.873.78 | 10,214.05 | 19,607.24 |
| 2.3 | Investments | 1000.00 | 1000.00 | 1,000.00 |
| 2.4 | Net Loan and Advances (a+b+c+d+e+f) | 2,755,203.99 | 2,754,935.12 | 2,422,956.36 |
| A | Real Estate Loan | | | |
| | 1. Residential Real Estate Loan (up to 80 Lacks) | | | |
| | 2. Business Complex & Residential Apartment Construction Loan | | | |
| | 3. Income Generation Commercial complex Loan | | | |
| | 4. Other Real Estate Loan (including Land Purchase & Plotting) | | | |
| B | Personal Home Loan of Rs.80 Lacks or less | | | |
| C | Margin Type Loan | | | |
| D | Term Loan | | | |
| E | Overdraft Loan/TR Loan/ WC Loan | | | |
| F | Others | 2,755,203.99 | 2,754,935.12 | 2,422,956.36 |
| 2.5 | Fixed Assets | 6,518.45 | 6,469.81 | 7,435.05 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 101,245.24 | 90,049.66 | 135,369.99 |
| 3 | Profit and Loss Account | | | |
| 3.1 | Interest Income | 93,122.07 | 382,149.00 | 81,993.56 |
| 3.2 | Interest Expenses | 53,784.32 | 234,748.54 | 54,379.72 |
| | A. Net Interest Income | 39,337.75 | 147,400.46 | 27,613.84 |
| 3.3 | Fees, Commission and Discount | | | |
| 3.4 | Other Operating Income | 6,998.76 | 40,656.71 | 7,682.83 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| | B. Total Operating Income | 46,336.50 | 188,057.17 | 35,296.67 |
| 3.6 | Staff Expenses | 19,033.09 | 63,998.24 | 17,919.98 |
| 3.7 | Other Operating Expenses | 7,016.24 | 47,488.60 | 4,368.47 |
| | C. Operating Profit Before Provision | 20,287.17 | 76,570.34 | 13,008.22 |
| 3.8 | Provision for Possible Losses | 9,423.22 | 17,194.61 | 6,692.28 |
| | D. Operating Profit | 10,863.96 | 59,375.72 | 6,315.94 |
| 3.9 | Non Operating Income/Expenses (Net) | | | |
| 3.1 | Write Back of Provision of Possible Loss | 5,022.10 | 15,339.18 | 5,382.32 |
| | E. Profit From Regular Activities | 15,886.06 | 74,714.90 | 11,698.27 |
| 3.11 | Extraordinary Income/ Expenses (Net) | | | |
| | F. Profit before Bonus and Taxes | 15,886.06 | 74,714.90 | 11,698.27 |
| 3.12 | Provision of Staff Bonus | 1,444.19 | 6,792.26 | 1,063.48 |
| 3.13 | Provision for Tax | 4,332.56 | 20,376.79 | 3,190.44 |
| | G. Net Profit/Loss | 10,109.31 | 47,545.85 | 7,444.35 |
| 4 | Ratios | | | |
| 4.1 | Capital Fund to RWA | 11.71% | 10.55% | 11.57% |
| 4.2 | Non Performing Loan (NPL) To Total Loan | 5.18% | 3.39% | 4.69% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 38.18% | 53.61% | 42.39% |
| 4.4 | Cost of Funds | 8.25% | 9.35% | 9.77% |
| 4.5 | Credit to Deposit Ratio | 259.51% | 264.22% | 267.47% |

**Note :** If the statutory and supervising authority notify to change the Un-Audited Financial Statements, the final figures may change accordingly.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

## आ.व. २०८१/८२ को प्रथम त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण** :

(क) त्रैमासिक अवधीको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरु (बार्षिक):(ख)

| प्रति शेयर आम्दानी (बार्षिक) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कूल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रु. २०.६३ | ८०.४१ | रु. १७८ | १,६१० | १०.३८% |

२. **व्यवस्थापकीय विश्लेषण** :

(क) त्रैमासिक अवधीमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण : बैंक तथा वित्तीय संस्थाहरुको तरलतामा देखिएको सूधारका बाबजुद अर्थतन्त्र चलयमान हुन नसकेको, लघुवित्त कार्यक्रम विरुद्ध स्थापना भएको संघर्ष समितिले ग्राहकवर्गहरुमा फैलाएको भ्रामक अफवाहको कारण निष्कृय कर्जाको अनुपात अपेक्षित रुपमा घटन नसकेको र बैंक तथा वित्तीय संस्थाहरुले थोक विपन्न वर्ग कर्जा सापटमा लिने ब्याजदरमा स्थिरता नरहेको तथा ग्राहक सदस्यसंग लिने ब्याजदर १५ प्रतिशत सम्म सीमित रहेकोमा स्प्रेड मुनाफा मार्जिन सामान्य वृद्धि भई खुद नाफा गत आ.व.को सोही अवधि भन्दा बढी आर्जन हुन गई आम्दानीमा बृद्धि भएको छ। साथै, यस वित्तीय संस्थाको लगानी मौज्दात तथा तरलताको अवस्था सामान्य रहेको छ। यस सम्बन्धमा अन्य जानकारी वित्तीय विवरणले प्रष्ट पारेको छ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण : यस वित्तीय संस्थाको स्वीकृत कार्य क्षेत्र मधेश प्रदेशका ८ जिल्ला (सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) मध्ये हालसम्म ८ जिल्लामा ४५ वटा शाखा कार्यालयहरु मार्फत जम्मा ३९,५२४ ग्राहक सदस्यहरुलाई आम्दानीमूलक आर्थिक क्रियाकलापमा संलग्न गराई औपचारिक वित्तीय पहुँचको माध्यमबाट लघुवित्त वित्तीय सेवा प्रदान गर्दै आएको छ। संस्थाले मधेश प्रदेशमा वित्तीय पहुँच नपुगेका ग्रामिण क्षेत्रमा थप ५ वटा शाखा विस्तार गरी लघुउद्यम, कृषि, पशुपालन तथा उत्पादनमूलक व्यवसाय सञ्चालनको लागि बिशेष गरी विपन्न वर्गका महिलाहरुलाई केन्द्रित गरी आफ्ना कार्यक्रम मार्फत थप लघुवित्त सेवा तथा सुविधाको बिस्तार गर्ने लक्ष्य रहेको छ।

(ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : लघुवित्त संस्थाहरुमा देखिएको अस्वथ्य प्रतिस्पर्धा, कर्जाको दोहोरोपना, नियमनकारी निकायहरुबाट फेरबदल हुने नीति, बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह गरिने थोक विपन्न वर्ग कर्जामा लिने ब्याजदरमा उतार चढाव, वित्तीय बजारमा देखिएको तरलता अभावको समस्या, लघुवित्त क्षेत्रमा हुने उच्च सञ्चालन लागत तथा दिन प्रतिदिन वाह्य वातावरणमा लघुवित्त कार्यक्रम बिरुद्ध श्रृजना भएका प्रतिकुल असरले कर्जा जोखिममा पर्न सक्ने जस्ता आदि कारणले वित्तीय संस्थालाई असर पार्न सक्छ। तथापी अहिले सम्म वित्तीय संस्थाले गम्भिर समस्या बेहोर्नु परेको छैन।

३. **कानूनी कारवाही सम्बन्धी विवरण** :

(क) वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको बिरुद्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त भएको छैन।

(ख) वित्तीय संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको बिरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण** :

(क) यस संस्थाका शेयरहरु नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत भै कारोबार भईरहेको छ। शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ। तर प्रचलित कानून अनुसार लगानीकर्ता तथा सम्बद्ध निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ।

(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको बेभसाइट धधध।लभउबकितयअप।अफ अनुसार गत त्रैमासिक अवधीमा यस वित्तीय संस्थाको शेयरको कारोबार देहाय बमोजिम रहेको छ।

| अधिकतम मूल्य | न्युनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या | कारोबार भएको शेयर संख्या |
|---|---|---|---|---|---|
| १,७३८ | १३८० | १६५९ | ५७ | ४६९८ | ३,९४,८६१ |

५. **समस्या तथा चूनौती** :

देशको वर्तमान राजनैतिक अवस्था, तरलतामा हुने उतार/चढाव, ग्राहक सदस्यहरुमा वित्तीय साक्षरता र अनुपालनाको कमी, अर्थतन्त्र चलयमान हुन नसक्नु जस्ता वाऱ्य चूनौतीका साथै दक्ष जनशक्तिको अभाव, सिमित वित्तीय स्रोत/साधन, वढदो सञ्चालन लागत र घट्दो ब्याजदर अन्तर जस्ता आन्तरिक समस्याहरुको बावजूद आर्जित मुनाफाबाट कार्यक्रम बिस्तार गर्न चुनौतीपूर्ण रहेको छ। यी तमाम समस्याका बाबजुद सदस्यहरुलाई वित्तीय साक्षरता तालिम दिदै प्रभावकारी जनशक्ति व्यवस्थापन लागु गरि उत्पादनमूलक कर्जा लगानी लाई प्रोतसाहन गरि खर्चमा मितव्यीता र उपयुक्त व्यवसायिक रणनीतिको तर्जुमा गरी कार्य सञ्चालन गर्दै आईरहेको छ।

६. **संस्थागत सुशासन** :

यस लघुवित्त वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी भएका संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु : कम्पनी ऐन २०६३, बैंक तथा बित्तिय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदिको पुर्ण पालना गरेको छ। वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा बिनियमावली, आर्थिक प्रशासन बिनियमावली, आन्तरिक लेखापरीक्षण निर्देशिका, व्यवस्थापन सूचना प्रणाली नीति, सम्पत्ति दायित्व व्यवस्थापन नीति, लगानी नीति लगायतका नीति, नियम, निर्देशिकाहरु बनाई पालना गरिएको छ। त्यसैगरी लेखापरीक्षण समिति, जोखिम ब्यवस्थापन समिति, कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति र सम्पत्ति शुद्धिकरण अनुगमन समिति पूर्ण रुपमा कार्यान्वयनमा ल्याईएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण** :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्‌घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन।

भवदिय

**सत्य देव राउत**

प्रमुख कार्यकारी अधिकृत

## ‘अधिकार सम्पन्न प्रदेशका लागि आन्दोलनको आवश्यकता’



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले सातवटैप्रदेशसरकारलाईअधिकार सम्पन्न बनाउन आन्दोलन गर्नुपर्ने आवश्यकता रहेको बताएका छन् ।

उनले संविधानको कार्यान्यावयनका लागि पनि प्रदेश सरकारले आ-आफ्नो ठाउँबाट आन्दोलन गर्नुपर्ने बताएका छन् ।

जलेश्वरमा सोमबार भएको एक कार्यक्रममा बोल्दै पूर्वउपप्रधान तथा गृहमन्त्री निधिले सात वटै प्रदेश सरकारलाई आफ्नो शासन आफ्नो प्रशासन सञ्चालनका लागि संघीय सरकारसंग अधिकार लिनका लागि आन्दोलन गर्नुपर्ने बताए ।

कांग्रेसका नेता शहीद स्व. शिवचन्द्र मिश्रको ८१ औं जन्मयन्तीको अवसरमा महोतरीको लोहरपट्टीमा आयोजित कार्यक्रममा बोल्दै कांग्रेसका केन्द्रीय सदस्यसमेत रहेका नेता निधिले कांग्रेसको नेतृत्वमा बनेको संविधान र सो भित्र उल्लेखित व्यवस्थाहरुलाई बचाउन कांग्रेस आफै अग्रसर भएर नेतृत्व लिनुपर्ने आवश्यक रहेको बताए । उनले भने, ‘ मधेश प्रदेश सरकार कमजोर भयो भन्नु गलत हो, कमजोर नियोजित रुपमा बनाइँदै छ, यसलाई अधिकार सम्पन्न बनाउनका लागि आन्दोलन गर्नुपर्ने हुन्छ ।’

विगतमा भएको विभिन्न खाले संर्घष र त्यसपछि भएको संयुक्त आन्दोलनबाट नेपाली कांग्रेसको नेतृत्वमा संघीय गणतन्त्रात्मक व्यवस्थासहितको संविधान जारी भएको स्मरण गर्दै स्व. शिवचन्द्र मिश्र, शहीद दुर्गानन्द झालगायतका विभिन्न नेता तथा योद्धाहरुलाई उनले सम्झे । उनले संघीय व्यवस्थाविरुद्ध हुने कुनै पनि कदमलाई स्वीकार्न नसकिने बताए ।

गणतन्त्रवादी नेता शहीद दुर्गानन्द झाका उनका सहयात्री शिवचन्द्र मिश्र रहेको स्मरणमा जेलनेल भोगेका कुराहरु स्मरण गर्दै नेता निधिले स्व. मिश्रको उच्च सम्मान गरेका थिए ।

## आरोप प्रयारोपमा मेयर-उपमेयर

# ‘बजेट सञ्चालनसम्बन्धी कार्यविधि संशोधन नहुँदासम्म आन्दोलन जारी रहने’

नगराईन नगरपालिकाका मेयर विनयकुमार यादवले उपमेयरका कारण नगरपालिकाको कामकारबाही प्रभावित भएको आरोप लगाएपछि सो आरोपलाई नकार्दै उपमेयर राधादेवी यादवले मेयरमाथि आरोप लगाएकी छन् ।





**टुडे समाचारदाता**

जनकपुरधाम । केन्द्रीय सत्ता समीकरणमा नेपाली कांग्रेस-नेकपा एमाले एकैठाउँमा छन् । तर यी दुवै पार्टीदेखिजनप्रतिनिधिबीचलामोसमयदेखि धनुषाको नगराईन नगरपालिकामा एक अर्काविरुद्धमा आन्दोलन गर्दै आएका छन् । जसले गर्दा पटकपटक नगराईन नगरपालिकामा उपमेयरदेखि शिक्षक, कर्मचारीदेखि सेवाग्राहीसम्म आन्दोलन गर्दै आएका छन् ।

यसपटक पनि लामो समयदेखि नगराईन नगरपालिकामा मेयर विनय कुमार यादव र उपमेयर राधादेवी यादव बीच उत्पन्न विवादका कारण नगरसभा अन्योलमा छ ।

नगराईन नगरपालिकाको नगरसभा नहुँदा कर्मचारीको तलब निकासादेखि सामाजिक सुरक्षा भत्तालगायत विभिन्न सेवाहरुबाट सेवाग्राहीहरु वञ्चित हुँदै आएका छन् ।

नगराईन नगरपालिकाका मेयर विनयकुमार यादवले उपमेयरका कारण नगरपालिकाको कामकारबाही प्रभावित भएको आरोप लगाएपछि सो आरोपलाई नकार्दै उपमेयर राधादेवी यादवले मेयरमाथि आरोप लगाएकी छन् ।

असारभित्र स्थानीय तहको नगरसभा गरिसक्नुपर्ने प्रावधान रहे पनि मेयर र उपमेयरबीचको विवादका कारण पाँच महिनादेखि नगरसभा हुन सकेको छैन । भने सो पालिकाका शिक्षक र कर्मचारीहरु पनि तलब भत्ता नपाएको भन्दै आन्दोलनमा छन् ।

यसैबीच नगराईन नगरपालिकाकी उपमेयर राधादेवी यादवले सोमबार पत्रकार सम्मेलन आयोजना गर्दै कर्मचारीको तलब भत्तालगायतका विभिन्न सेवाहरु, सामाजिक सुरक्षा, सेवा तथा सुविधाहरु र शिक्षा र स्वास्थ्यतर्फका अत्यावश्यक बजेट खर्चलगायतका अत्यावश्यक सेवाहरु प्रवाह गर्नका लागि आफूहरुले पटकपटक मेयर विनयकुमार यादवलाई आग्रह गरेको बताइन् ।

आफूहरुको माग पूरा नहुञ्जेलसम्म आन्दोलन जारी रहने भन्दै उपमेयर राधादेवी यादवले आफूहरुको कारण कुनै पनि सेवाग्राहीको सेवा सुविधा र कुनै पनि शिक्षक तथा कर्मचारीको तलब भत्तालगायतका सुविधाहरु तत्काल उपलब्ध गराउनका लागि मेयरसंग आग्रह गरिन् ।

उपमेयर यादवले भनिन्, ‘ नगराईन नगरपालिकामा कार्यविधि संशोधनको विवादले गर्दा उत्पन्न भएको परिस्थितिको जिम्मेवारी मेयरजीले लिनुपर्छ ।’ गत वर्ष आन्दोलनको क्रममा भएको सम्झौतामा समेत आफूहरुलाई मेयर यादवले झुक्याउन सफल भए पनि उनी आफै सो सम्झौता कार्यान्वयन गर्नबाट पछि हटेको बताउँदै उनले भनिन्, ‘मेयरजीले आफूहरुसंग विगतमा गरेको सम्झौता कार्यान्वयन गर्नबाट पछि हट्नु भयो, जसले गर्दा हामी बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको हो ।’

नगराईन नगरपालिका पूर्व उपप्रधान तथा गृहमन्त्री विमलेन्द्र निधिको गृहगाउँ हो भने सो क्षेत्रबाट एमाले नेतृसमेत रहेकी सांसद जुली कुमारी महतो छिन् । यस आन्दोलनसंग जोडेर यी दुवै नेतालाई जोडेर हेर्दा गलत अर्थ लाग्ने बताउँदै उपमेयर यादवले गलत अर्थ नलगाइदिन आग्रह समेत गरिन् । उपमेयर यादवले नगराईन नगरपालिकाको कामकाज ठप्प हुनुको कारण मेयर नै रहेको दाबी गर्दै उनले यस नगरपालिकाको कामकारबाहीलाई जोडेर नेकपा एमालेकी नेतृ जुलीकुमारी महतो र नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिको नाम जोड्नु गलत रहेको बताइन् । उनले हामीले आफ्नो पालिका आफैले बनाउने भएपछि सांसदसमेत रहेकी नेतृ महतो र नेता निधिको नाम जोडेर आन्दोलनलाई कमजोर नगर्न आग्रह गरिन् ।

उनले मेयरसंग विगतमा कार्यविधि संशोधन गरी बजेट संचालनसम्बन्धी अधिकार उपमेयरमा पनि निहित रहने भनि भएको सम्झौताको आधारमा कार्यविधि संशोधन नहुँदा पाँच महिनादेखि हामी आन्दोलनमा रहेको बताइन् ।

नगराईन नगरपालिकाका कार्यकारी सदस्य रामदुलार मुखियाले भने, ‘ बजेट सचालनसम्बन्धी अधिकार मेयर र उपमेयरलाई समेत रहने गरी कार्यविधिमा संशोधन गर्दै मेयर ‘वा’ उपमेयर हुनुपर्नेमा मेयर पक्षले मेयर ‘र’ उपमेयर भनि लेखेर हामीलाई झुक्याए पनि अन्तिमसमयमा आफूहरुले सो सम्झौता मान्दै कार्यान्वयनका लागि पालिकाको विधायन समितिमा पनि सो कार्यविधि संशोधन गरिए पनि मेयरले संशोधनसहितको कार्यविधिमा हस्ताक्षर नगरी आलटाल गरे पछि हामीले बाध्य भएर आन्दोलनमा उत्रिन परेको हो ।’

उनले अन्तिम समयमा मेयर यादवले नै संशोधनका लागि रोक लगाएर हामीलाई झुक्याउँदै खेलाउन खोजेपछि बाध्यतावश आन्दोलित भएको बताए ।

त्यस्तै नगराईन -८ का वडाअध्यक्ष सञ्जय राउतले मेयरसंग भएको उपमेयरलाई आर्थिक सञ्चालनसम्बन्धी कार्यविधि संशोधन सम्बन्धी सम्झौता कार्यान्वयन नहुँदासम्म आफूहरुको आन्दोलन जारी रहने बताए ।

वडाअध्यक्ष राउतले नगराईन नगरपालिकालाई कुनै पनि अवस्थामा भ्रष्टाचारको अखाडा बन्न नदिने दाबी गरे ।

उनले मेयर यादवले निमित्त प्रशासकीय अधिकृतसंगको मिलेमतोमा अपारदर्शी ढंगले पालिकाको विकास निर्माणलगायतका बजेटमा अनियमितता गरेको आरोप लगाउँदै पारदर्शी गर्न माग समेत गरे ।

विकास निर्माणलगायतका बजेटमा मेयरले केही कर्मचारीको मिलेमतोमा व्यापक भ्रष्टाचार गरेको दाबी गर्दै ससर्त अनुदान बाहेक विकास निर्माणका कामकाज समस्या सामाधान नहुञ्जेलसम्म बन्द रहने बताए ।

तर मेयर विनय कुमार यादवले भने एमाले र एमालेबाट निर्वाचित भएका जनप्रतिनिधिको असहयोगका कारण नगरसभा विथोलिँदै आएको बताए ।

उनले भने, ‘असार १० मा नगरसभा गर्नेमा एमाले, कांग्रेस, लोसपा नेपाल लगायतका सबै दल सहमत थिए, हामी नगर सभाका लागि समयमै पुगेका थियौं, उनले अघि थप्दै भने ‘नगरसभा गर्ने उहाँहरु सहमति त गर्नुभयो, तर बिना कारण उपस्थित नै हुनुभएन । जसकारण उहाँहरुको मानसिकता घाम जस्तै छर्लङ छ । त्यो बेलादेखि नै यो शिलशिला अहिलेसम्म जारी छ ।’

एमालेका उच्च तहका नेताहरुको इसारामा एमालेका साथीहरु नगरसभा हुन दिने पक्षमा रहेको मेयर यादवको भनाइ छ ।

नगराईन नगरपालिकाको १९ सदस्यीय कार्यपालिकामा १३ जना एमालेका जनप्रतिनिधि छन् भने कांग्रेसको ५ र लोसपा नेपालका १ जना जनप्रतिनिधि छन् । मेयर यादव कांग्रेसबाट निर्वाचित छन् भने एमालेबाट उपमेयरमा राधादेवी यादव निर्वाचित छिन् ।

विगतमा पनि एमालेबाट निर्वाचित जनप्रतिनिधिहरुले ९ महिनासम्म आन्दोलन गरेपछि कर्मचारी र शिक्षक तलबभत्तालगायतका सेवा सुविधाका लागि, ज्येष्ठ नागरिकलगायतकाले सामाजिक सुरक्षा भत्ता तथा सेवा सुविधाका लागि र विद्यार्थीले अध्ययनका लागि आन्दोलन गर्नुपरेको थियो ।

## पेस्तोलसहित एक जना पक्राउ



**टुडे समाचारदाता**

रौतहट । रौतहटबाट एकजना भारतीय नागरिकलाई पेस्तोलसहित पक्राउ गरिएको छ ।

विशेष सुचनाको आधारमा सशस्त्र प्रहरीको गस्ती टोलीले सोमबार पेस्तोलसहित पक्राउ गरिएको जनाइएको छ ।

पक्राउ पर्नेमा भारतका ४२ वर्षीय राजेश सिंह रहेको सशस्त्र प्रहरीले जनाएको छ । जिल्लाको राजदेवी नगरपालिका वडा नम्बर ९ ब्रहमपुरी गाँउस्थित सञ्जीव सिंहले सञ्चालन गरेको पसलमा जाँच गर्दा शौचालय बाहिरबाट पेस्तोल बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ ।

त्यस्तै सशस्त्र प्रहरीले शौचालय माथि एकथान नलकटुवा पेस्तोल, ८ एमएम को ३ थान गोली र १ थान खोका समेत बरामद गरेको जनाएको छ ।

सो घटनाबारे आवश्यक अनुसन्धान भइरहेको जनाउँदै पेस्तोलसहित पक्राउ परेका सिंहलाई जिल्ला प्रहरी कार्यालय रौतहटको जिम्मा लगाइएको सशस्त्र प्रहरी रौतहटले जनाएको छ ।

## पक्राउ परेका जुवाडेहरुमाथि मुद्दा दायर गरिने

**टुडे समाचारदाता**

जनकपुरधाम । जुवा खेलिरहेको अवस्थामा धनुषा प्रहरीले छापामारी ३९ जनालाई पक्राउ गरेको छ ।

धनुषाको क्षीरेश्वरनाथ नगरपालिकाको सखुवा बजारस्थित धर्मशालामा जुवा खेलिरहेका ३९ जनालाई जिल्ला प्रहरी कार्यालय धनुषाले पक्राउ गरेको जनाएको छ ।

क्षीरेश्वरनाथ नगरपालिका वडा नम्बर ६ स्थित धर्मशालाको पहिलो तल्लामा जुवा खेलाइने गरिएको थियो ।

पक्राउ पर्नेमा जुवा खेलाउने किशोरी साहलगायत जुवा खेल्न रौतहटबाट नियमित आउने गरेका जबिरा शाह, उदयपुरका रामरतन कापड, धनुषाका वंशराज नदाफ, बिलटु राइन मिया लगायत ३९ जना रहेको धनुषा प्रहरीले जनाएको छ ।

धनुषा प्रहरीका प्रहरी नायब उपरीक्षक वरुणबहादुर सिंहले जुवाखालबाट ९ लाख ७३ हजार ८ सय ७३ रुपैयाँ नगद बरामद भएको पुष्टि गरेका छन् ।

जुवा खेलाउन प्रयोग गरिने कौडा र तास समेत बरामद भएको छ । उनका अनुसार जुवाखालबाट २ गड्डी तास, फलवार प्रिन्ट भएको तास ३ थान, २४ पिस कौडा, सानो ठूलो ३६ थान मोबाइल बरामद भएको उनले बताए ।

यता जुवाडेको आरोपमा पक्राउ परेकाहरुमाथि मंगलबार धनुषा जिल्ला अदालतमा पेश गरिने धनुषा प्रहरीले जनाएको छ । उनीहरुमाथि जुवा तास अवैध रुपमा खोलाएको र खेलेको आरोपमा मुद्दा दायर गरी म्याद थप गरी थप अनुसन्धान गरिने धनुषा प्रहरीले जनाएको छ ।

## छठपर्वका लागि सिंगारिँदै सरोवरहरु



**टुडे समाचारदाता**

जनकपुरधाम । तराई-मधेशमा हर्सोल्लाषपूर्वक मनाइने महान् छठ पर्वको तयारी तीव्ररुपमा भइरहेको छ । दीपावली सकिएलगत्तै मुख्य बजारहरुमा छठमा प्रयोग हुने पूजाका सामग्रीहरुको किनमेल पनि व्यापक रुपमा भइरहेको छ भने अर्कोतर्फ विभिन्न सरोवरहरुलाई समेत दुलही झैँ सिंगारिँदै छ ।

मधेश प्रदेशको राजधानी जनकपुरधामसहित सम्पूर्ण तराई-मधेशका मुख्य बजारहरुमा किनमेलका लागि चहलपहल बढेको छ । छठ पर्वमा माटोबाट बनाइएको घैंटो, हात्ती, बाँसबाट बनाइएको छिट्टी (टोकरी), नाङ्लो, कन्सुपति लगायतको सामग्री प्रयोग हुन्छ ।

छठको पूजामा छठी मातालाई अर्पण गरिने प्रसादमा स्याउ, केरा, सुन्तला, नरिवल, उखु, हरियो बोडी, पानी सिंगडा, मुला, अदुवाको बोट पर्छन् । छठको पूजामा विशेषगरी माटो तथा बाँसबाट बनाइएका विभिन्न सामग्रीहरु खरिद गरिन्छ ।

छठपर्व मनाउनका लागि विभिन्न सरोवरको डिल र नदीतटको समेत सरसफाइ गर्दै आ-आफ्ना लागि पूजास्थल सुरक्षित बनाउनमा श्रद्धालु भक्तजनहरु व्यस्त छन् । घाट निर्माणमा लाखौं रुपैयाँ खर्चेर सरसफाइ, सजावट र व्यवस्थापनका कामहरु धमाधम भइरहेको छ ।

जनकपुरधामको गंगासागर, धनुषसागर, दशरथ सागर, अंगराजसर सागर, अग्निकुण्ड, दुधमति नदीलगायतका सरोवरजस्ता विभिन्न स्थानमा सूर्य देवता र छठी माताको पूजा आराधनाका लागि विशेष साजसज्जा गरिदैँछ । स्थानीय युवा क्लब तथा समितिको अग्रसरतामा जनकपुरधामका विभिन्न तलाउ, पोखरी तथा सरोवरलाई सिंगारिने गरिन्छ । छठ पूजाका लागि जनकपुरधामका व्रतालुहरू सूर्यास्तलाई अर्घ्य दिइ राति पूजा स्थालमै बस्ने गर्छन् भने त्यसको भोलिपल्ट बिहानै घाटमा उदाउँदो सूर्यलाई अर्घ्य दिने गरिन्छ । विशेषगरी, भाकल गरेकाले यो पर्व मनाउने गर्छन् ।

छठ पर्व मनाउँदा चर्मरोग निको हुने, पुत्र लाभ हुने, आर्थिक समृद्धि तथा सुख, शान्ति प्राप्त हुने धार्मिक विश्वास रहेको छ ।

चार दिनसम्म मनाईने छठ पर्वको पहिलो दिन व्रतालुहरु नुहाएर अरबा अरबाइन भोजन गर्ने गर्छन् भने दोश्रो दिन साँझ प्रसादको रुपमा चामल, सक्खर र दुध मिलाएर बनाएको खीर ग्रहण गरी खरना गर्छन् । त्यस्तै तेश्रो दिन अस्ताउँदो सूर्यलाई अर्घ दिन तयार पारेको पूजा सामग्री घाटमा लगेर पूजा गर्ने गरिन्छ भने चौथो दिन बिहान उदाउँदो सूर्यको अर्घ दिई छठ पर्व समापन हुन्छ ।

## जीवनलाई आधार दिने छठपर्व रहेको मुख्यमन्त्री सिंहको टिप्पणी



**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले छठ पर्वका व्रतालु महिलाहरुलाई पूजा सामग्री वितरण गरेका छन् ।

जनकपुरधाममा सोमबार चेम्बर अफ कमर्शले आयोजना गरेको छठ पर्वका व्रतालुहरूलाई पूजा सामग्री वितरण कार्यक्रम मार्फत मुख्यमन्त्री सिंहले पूजाका विभिन्न सामग्री वितरण गरेका छन् ।

उनले छठपर्वमा व्रत गर्ने एक सय जना महिला व्रतालुलाई नयाँ पहिरन र अन्य विभिन्न पूजन सामग्री वितरण गरेका मुख्यमन्त्री सिंहको सचिवालयले जनाएको छ ।

सो कार्यक्रममा मुख्यमन्त्री सिंहले छठ पर्व साँस्कृतिक र आध्यात्मिक दृष्टिले अत्यन्त महत्वपूर्ण भएको टिप्पणी गरे । मुख्यमन्त्री सिंहले भने, ’जीवनलाई आधार दिने विशाल, उर्वर, समथर र सिँचित भू-भाग तथा सूर्य किरणबाट सिर्जित कृषि प्रणाली, शुद्धता र पवित्रतायुक्त लोकव्यवहारसहित सबै खाले भेदभावविरुद्ध समभाव र प्रकृतिका विभिन्न जीवनदायिनी तत्वप्रति आस्थाको अभिव्यक्ति छठ पर्व हो ।’

उनले एकता, सद्भाव र सहिष्णुताबाट छठ पर्वमा विपन्न व्रतालुहरूलाई नयाँ पहिरन तथा पूजा सामग्री वितरण गर्ने परम्परालाई निरन्तरता दिएकोमा आयोजक संस्थालाई धन्यवाद पनि दिए ।

## करोडौँको केरा आयात

**टुडे समाचारदाता**

जनकपुरधाम । छठ पर्वका लागि जनकपुरधाममा भारतबाट करोडौं रुपैयाँको केरा आयात गरिएको छ ।

जनकपुरधाम क्षेत्रमा छठ पर्वमा ल्याइएको केराले अपुग हुँदा बाहिरबाट ल्याउनु पर्ने बाध्यता रहेको फलफुल व्यवसायीहरु बताउँछन् ।

जनकपुरधाम फलफूल तथा तरकारी व्यवसायी समितिका अध्यक्ष विश्वेश्वर यादवले छठ पर्वलाई मध्यनजर गर्दै भारतबाट केरा आयात गरिएको जानकारी दिए । उनले छठ पर्वमा ब्रतालुले सिंगै केराको घरी नै सूर्य भगवानलाई अर्घका रूपमा चढाउने भएकोले केराको माग बढेको बताए ।

केराको माग उच्च हुने र स्थानीय उत्पादनले धान्न सक्ने अवस्था नहुँदा प्रत्येक वर्ष भारतबाट आयात गर्नुपर्ने बाध्यता रहेको अध्यक्ष यादवले बताए । उनले अघिल्लो वर्ष करिब चार करोडभन्दा बढी रुपैयाँको केरा आयात गरिएको थियो ।

यसपाली पाँच करोड रुपैयाँभन्दा बढीको केरा अर्थात ८५ ट्रक केरा आयात गरिएको उनले बताए ।

गोपाल र वंशीभोग केरा नेपालको सप्तरीस्थित भारदह, भान्टाबारी तथा इनरुवाबाट ल्याइएको छ । मालभोग, मिरिचमान, चिनी चम्पा केरा भारतको गुहावटी, बंगाल, हाजिपुर, ठाकुरगञ्ज र चम्पारणबाट केरा मगाउने गरिएको फलफूल तथा तरकारी व्यवसायी समितिका सचिव भुवनेश्वर पूर्वेले बताए ।

छठ पर्वलाई लिएर यसवर्ष पनि केराको मूल्यमा वृद्धि हुने भएको छ । यस वर्ष २० प्रतिशतले केराको मूल्यमा वृद्धि गरिएको उनले बताए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८